लोकतन्त्रप्रति पूर्ण समर्पित

साप्ताहिक

# नयाँ विमर्श

Naya Bimarsha Weekly

वर्ष १८, अंक २५, २०८१ माघ ११ गते शुक्रबार (Jan. 24, 2025) मू.अ.क.नं.३०४९७३८१५ मूल्य रु.१०।- (संस्थागत रु.१५।- ) website: www.nayabimarsha.com

## काण्डैकाण्डले चर्चित ऊर्जामन्त्री खड्का



काठमाडौं/ ऊर्जा व्यवसायी समेत रहेका नेपाली काँग्रेसका सांसद दीपक खड्का अहिले काँग्रेस एमालेको गठबन्धन सरकारमा ऊर्जा सिचाई तथा जलश्रोत मन्त्री बनेका छन् । ऊर्जामन्त्री बनेको सात महिनामै खड्का काण्डैकाण्डको भुमरिमा परेका छन् ।

देशको हित र ऊर्जाक्षेत्रको संकटलाई भन्दा आफ्नो आफ्नो व्यवसायको मात्र पक्षपोषण गर्दै आइरहेका मन्त्री खड्काले हाइड्रोपावरका व्यापारीहरुको सेटिङमा काम गर्ने गरेको जानकारहरुले बताएका छन् । शुरुमा प्रधानमन्त्री खड्गप्रसाद शर्मा ओलीको डेडिकेट र ट्रंकलाइन विवादमा नेपाल विद्युत प्राधिकरणका कार्यकारी निर्देशक खड्काले पनि सरकारलाई असहयोग गरेको निहुँमा स्पष्टीकरण र मौखिक जवाफ सोधेर हुर्मत लिँदै आएका छन् । बाँकी ७ पृष्ठमा

# दलहरु आन्तरिक कलहमा

## ■ रवि जिल्लातिर ■ अस्थिरता कायमै



भक्तपुर/ दुई तिहाईको सरकार निर्माण गरेपछि संविधानमा आवश्यक संशोधन हुने अपेक्षासहित बनेको वर्तमान सरकारले खासै गति लिन सकेको छैन । छ महिने अवधि व्यतित गरिसक्दा पनि सरकार जुन उद्देश्यबाट स्थापित भएको थियो, त्यसको औचित्य स्थापित गर्न नसकिएको अवस्था छ । सरकारमा सामेल दलहरुका बीचमा समेत मनमुटाव उत्पन्न भैरहेका छन् । सरकारमै रहेका दलहरुले एकअर्कालाई शंकाको घेरामा राखिरहेको अवस्था छ । सरकारले सोचे अनुसारको गति लिन नसकेको स्थितिमा सरकारमा रहेका दलहरुले कमी कमजोरीलाई अर्को दलको थाप्लोमा फ्याल्ने प्रयत्न गरिरहेका छन् ।

सरकारमा रहेका दलहरुका बीचमा मतैक्यता हुन नसकेको अवस्था छ । यो अवस्थामा उनीहरु आन्तरिक समस्यामा समस्या रुमलिन पुगेका छन् । यो रोग सरकारमा रहेका सबैजसो दलहरुमा रहन पुगेको अवस्था छ । सरकारमा रहेको सबैभन्दा ठूलो दल नेपाली कांग्रेस हो । यो दलमा आसन्न महाधिवेशनलाई लिएर आन्तरिक कलह चालू छ । खासगरी भोलिको दिनमा सभापति र महामन्त्रीमा कसले प्रतिस्पर्धा गर्ने भन्ने विषयलाई लिएर कांग्रेसमा कलह देखिएको छ ।

कांग्रेसका सभापति अर्को महाधिवेशन आउने समयमा पनि विभिन्न विभागहरुलाई पूर्णता दिने कार्यमा लागिपरेका छन् । अघिल्लो महाधिवेशन भई नतिजा आउनासाथ गरिनुपर्ने मनोनयनहरु अहिले आएर गरिन थालिएको अवस्था छ । यसैगरी अझै पनि कतिपय विभागहरुले पूर्णता पाउन नसकेको अवस्था छ ।

यसैगरी कांग्रेसका भातृसंस्थाहरुमा पनि बेहालको अवस्था छ । सबैजसो भातृसंस्थाहरु काम चलाउको अवस्थामा छन् । कांग्रेसको महाधिवेशनपूर्व नै ती भातृसंस्थाहरुको महाधिवेशन गर्नुपर्ने अवस्था छ । त्यतातर्फ कांग्रेस नेतृत्वको ध्यान गएको छैन । यसैगरी आसन्न महाधिवेशनको विषयलाई लिएर कांग्रेस आफैं रुमलिएको अवस्था छ । सभापति देउवा सरकारको नेतृत्व आफूले गरेर महाधिवेशन पछि सार्ने सोचमा रहेका छन् ।

कांग्रेसले आगामी चैत्रभित्रमा सदस्यहरुको नवीकरण गरिसक्नुपर्ने अवस्था छ । समयमै महाधिवेशन गराउनका लागि सदस्यता नवीकरण महत्वपूर्ण कार्य हो । यसकालागि समेत समय पछि सार्दै लाने कार्य हुँदै आएको छ । कांग्रेसमा अबको महाधिवेशनबाट सभापति को बन्ने भन्ने कुराले बढी महत्व राख्ने गरेको छ । हालका सभापति देउवा कांग्रेसको विधान अनुसार अब सभापतिमा उम्मेदवार बन्न नपाउने अवस्था छ । यस्तो स्थितिमा उनले आफ्नो उत्तराधिकारी कसलाई तोक्ने हुन् भनी बडो बाँकी ७ पृष्ठमा


## काँग्रेसमा गृह र स्वास्थ्यमन्त्री महामन्त्रीका आकांक्षी

काठमाडौं/ नेपाली काँग्रेसका नेताहरु सत्ता राजनीतिमा बढी व्यस्त भएपछि पार्टीको आगामी २०८२ मंसिरमा हुने भनिएको महाधिवेशन ओझेलमा परेको छ । क्रियाशील सदस्यता नवीकरणको म्याद २०८१ चैत मसान्तसम्म गर्ने भनिए पनि त्यस्ले गती लिन सकेको छैन ।



महाधिवेशनको डेडलाइन कहिले ? भन्ने बारेमा पार्टी नेतृत्वले मुख खोलेको छैन । यथास्थितिमा निर्धारित मितिमा १५औं महाधिवेशन नहुने स्पष्ट छ । क्रियाशील सदस्यता नवीकरणमा सधैं विवाद हुने र लामो समयसम्म निरुपण नहुने काँग्रेसको पुरानै रोग हो । काँग्रेसको १२औं, १३औं र १४औं महाधिवेशन नेताहरुको गुटका कारण विवाद बढ्दै आइरहेको छ । १५औं महाधिवेशनमा पनि त्यस्को बाछिटा निश्चित रुपमा पर्ने जानकारहरुले बताएका छन् । काँग्रेसमा सभापति र महामन्त्री पद शक्तिशाली मानिन्छन् भने उपसभापति र सहमहामन्त्री पदको खासै महत्व छैन । काँग्रेसको महाधिवेशनको तिथिमिति नजिकिँदै गर्दा महामन्त्रीका आकांक्षीहरुले सकृयता र दौडधूप बढाउन थालेका छन् । बाँकी ७ पृष्ठमा

## दाहालको रटान– ओलीप्रति धुलो चटान



काठमाडौं/ नेकपा (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल यतिबेला सत्ताबाट बाहिरिएपछि मुर्छिन बनेका छन् । आफूले सरकारको नेतृत्व गर्दा शान्ति, सम्बृद्धि र सुशासन कायम गरी मुलुकलाई कायापलट गरेको र जनताको पक्षमा काम गरी चमत्कार गरेको बताउँदै आएका छन् ।

वर्तमान नेपाली काँग्रेस- नेकपा (एमाले) नेतृत्वको गठबन्धन सरकारले देशलाई तहस नहस पारी राजनीतिक स्थायित्वको नाममा देशको ढुकुटी रित्याउने र खुलेआम भ्रष्टाचार गर्ने गरेको आरोप उनले लगाएका छन् । प्रधानमन्त्री ओलीसँग चिढिएका अध्यक्ष दाहालले आजकाल दिनहुँजसो वर्तमान सरकारको आयु धेरै नभएको र सरकार आफैं ढल्ने ठोकुवा गरेका छन् । अध्यक्ष दाहालले सिन्धुपाल्चोकको सुकुटे, मोरङको ग्रामथान, आफ्नो निर्वाचन क्षेत्र गोरखा र चितवनमा सरकारको कटाक्ष गर्दै धेरै लामो समय सरकार नजाने बताएका छन् । विभिन्न जिल्लाहरुमा दौडधूप र साना दलहरुसँगको बाँकी ७ पृष्ठमा

## अस्थिर नेता वामदेव अझै अलमलमै



ललितपुर/ नेकपा (एमाले) बाट अलग भएर लामो समय राष्ट्रिय एकता अभियानको संयोजक बनेका वामदेव गौतम अन्तत नेकपा एमालेमा फर्किने चर्चा बढेको छ । एमालेका अध्यक्षसँग पछिल्लो पटक भेटवार्ता गर्दा एकता भैहाल्ने भनी हौषिएका गौतमलाई एमालेले भने अन्यौलमै राखिदिएको छ ।

एकता गर्ने भनी मख्ख परिरहेका गौतमको समूहसँग एमालेले सहकार्य गर्ने भनी समाचारहरु बाहिरिएपछि गौतम आगो भएका छन् । टिकटकमा हाल भाइरल भैरहेको एउटा क्लिपमा गौतमले पत्रकारसँग एमालेसँगको एकताको कुरालाई लिएर आक्रोश पोखेका छन् । उनले सहकार्य रे भन्ने कुराबाट दिक्क हुँदै सहकार्य गर्दै गर्दै पछि प्रवेश गराउने होला नि भन्दै आक्रोश पोखेका छन् ।

कुनै बेला एमालेको उपाध्यक्ष समेत रहेका गौतमको राष्ट्रिय एकता अभियान नामक सटर नचलेपछि पछिल्लो समय नेकपा एकीकृत समाजवादी (नेकपा एस) पार्टीमा प्रवेश गर्ने तयारी गरिरहेका थिए । सो दलमा पनि गौतमले आफ्ना नेताहरुको व्यवस्थापनको कुरा उठाएर झन्झट दिएपछि एसले पनि चासो दिएको थिएन । त्यसैले अस्थिर नेताको पहिचान बनाएका गौतमलाई एमालेले सम्मानजनक पद दिएर प्रवेश गराउने चर्चा चलेको हो ।

गौतम संयोजक रहेको राष्ट्रिय एकता अभियानका अन्य नेताहरु भने बाँकी ७ पृष्ठमा

## कांग्रेसको प्रदेश विभागमा को को ?

ललितपुर/ नेपाली काँग्रेसले प्रदेश समन्वय विभागमा १० जनालाई सदस्यमा मनोनयन गरेको छ ।

कांग्रेसका सभापति शेरबहादुर देउवाले पार्टीका केन्द्रीय सदस्य कृष्णचन्द्र नेपाली प्रमुख रहेको उक्त विभागमा दश जनालाई सदस्यमा मनोनयन गरेका हुन् ।मनोनीत हुनेमा कास्कीका कृष्णबहादुर के.सी., नवलपुरकी सुमीत्रा खनाल, बाँकी ७ पृष्ठमा

## महर अब कानूनी फन्दामा



ललितपुर/ नेकपा (एमाले)का नेता ऐन महरविरुद्धको करणी मुद्दा अघि बढ्ने भएको छ । जबरजस्ती करणी मुद्दामा अनुसन्धान अघि बढाउन उच्च अदालत पाटनले परमादेश दिएपछियो मुद्दा फेरि अघि बढ्ने भएको हो ।

एक महिलाले आफूमाथि महरले यौनशोषण गरेको दाबीसहित प्रहरी कार्यालयमा जाहेरी दिए पनि दर्ता नगरेको र सरकारी वकील समक्ष जाँदासमेत जाहेरी दर्ता नभएपछि अनुसन्धानको माग गर्दै रिट निवेदन दायर गरेकी बताइएको छ । पीडित भनिएकी महिलाले जिल्ला प्रहरी परिसर काठमाडौं, जिल्ला सरकारी वकील कार्यालय काठमाडौंलाई समेत विपक्षी बनाएकी थिइन् । विभिन्न समयमा दायर भएका तीनवटा रिटमध्ये बुधबार उच्च अदालत पाटनले एक रिटमा आदेश जारी गर्दै जाहेरी लिएर अनुसन्धान अघि बाँकी ७ पृष्ठमा

## ऋणीहरुको बद्नामीमा सञ्चारमाध्यम सहयोगी !

प्रसङ्गवश

रुषा थापा



नेपाल राष्ट्र बैंकले केही समयअघि सबै बैंकलाई परिपत्र गर्दै भन्यो,'ऋणीहरुको तस्वीर पत्रिकामा नछाप्नू । कालोसूचीमा परेका व्यक्तिहरुको पनि बैंक खाता खोलिदिनू ।' बैंकहरुले तस्वीसहित ऋणीको विवरण छाप्दा उनीहरुलाई मानसिक तनाव हुने भएकाले राष्ट्र बैंकले त्यसो भनेको हो ।

राष्ट्र बैंक सरकारको हो । सरकारको निर्देशन बैंकहरुले मानेको छैन । राष्ट्रिय दैनिकमा तस्वीरसहित तीनपुस्ते विवरण निकाल्ने क्रम जारी छ । कालोसूचीमा परेका व्यक्तिहरुले बैंक खाता खोल्नबाट वञ्चित छन् । डेढ लाखभन्दा बढी ऋणीहरु कालोसूचीमा परिसकेका छन् । उनीहरुले खाता त खोल्न पाएनन्, साथै निवृत्तिभरण र भत्ता पनि निकाल्न पाएका छैनन् ।

साथी, आफन्त भनेर सर्वसाधारणहरु ऋणीको जमानी बसिदिन्छन् । बैंक तथा वित्तीय संस्थाबाट ऋण लिएको ऋणीको सहयोग गरेको भरमै कालोसूचीमा हालिदिनु न्यायोचित हो त ? ऋणीले ऋण तिरेनन्, जमानी बस्नेको के दोष ?

वित्तीय संस्थाले आफू कमाउनका लागि ऋण प्रवाह गर्छ ।सरकारले तोकेकोभन्दा बढी सेवाशुल्क र ब्याज लिन्छ । घुस पनि लिन्छ । अनि केही किस्ता तिर्न नसक्नेबित्तिकै राष्ट्रिय पत्रिकामा तस्वीर छापेर समाजमा हिँड्नै नसक्ने बनाइदिन्छ । त्यो व्यक्ति सरकारबाट पाउनुपर्ने सेवासुविधाबाट समेत वञ्चित हुन्छन् । सरकारले जहिलेपनि व्यवसायीको पक्षमा निर्णय गर्छ ।

बैंक तथा वित्तीय संस्थाले सेवा गरेको भनेपनि आखिर गरेको व्यापार हो । त्यस्तो संस्थाका लागि राज्यले जनतालाई दुःख दिने काम गरिरहेको छ । सरकार नागरिकको अभिभावक हो । नागरिकको हकअधिकारको संरक्षण गर्नु सरकारको दायित्व हो । नेपालको संविधानले नै जनताको हकअधिकार सुनिश्चित गरेको छ ।

बैंक तथा वित्तीय संस्थाको फाइदाका लागि जनताको हकअधिकार नै खोसिदिने ? सबै बाटो बन्द गरिदिएपछि ऋणीले ऋण तिर्छ कहाँबाट ? कालोसूचीमा परेको व्यक्तिले बैंक खाता खोल्न पाउँदैन । उसले सरकारबाट पाउनुपर्ने सेवासुविधा रोकिन्छ । अर्कोतर्फ उसले सरकारी जागिर खान पाउँदैन ।

विदेश जानमा अंकुशे लाग्छ । सबैतिर रोक भएपछि उसले चाहेर पनि बाँकी ७ पृष्ठमा

नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय

सडक डिभिजन चरिकोटको अनुरोध

- सडक सीमामा स्थायी संरचना, घर, टहरा आदीको निर्माण नगरौं ।
- सार्वजनिक सम्पत्तिको सुरक्षा र संरक्षण गर्नु प्रत्येक नागरिकको कर्तव्य हो । तसर्थ सडक अतिक्रमण नगरौं ।
- सवारीसाधनको क्षमता भन्दा बढी वजन बोक्नमा र पानी चुहाउनमा रोक लगाऔं ।
- जथाभावी शाखा सडक र ढुङ्गा खानी नखौलो ।
- सडक किनारामा निर्माण सामाग्री नथुपारौं । सडक छेउको नालीमा फोहोरमैला नफालौं ।

– डिभिजन प्रमुख

लोकतन्त्रप्रति पूर्ण समर्पित
साप्ताहिक
नयाँ विमर्श
Naya Bimarsha Weekly

# विकासका लागि बालसाहित्य

बालसाहित्य सम्बन्धी लेख तथा छलफलका विषय र बहसहरू प्रायः एकै प्रकारका हुन्छन् । जस्तैः 'बालबालिकामा बालसाहित्यका पुस्तक पढ्ने बानी बसाल्ने ?' वा 'पठन संस्कृतिको विकास कसरी गर्ने ?' यी उचित प्रश्नहरू हुन् । बालसाहित्यको क्षेत्रमा अहिलेसम्म देखिएका सकारात्मक पक्षहरू यिनै विषयमा बहस र समन्वयका कारण सम्भव भएका हुन् । कतै हामीले बालबालिकामा पढ्ने बानीको विकास गर्नुका कारणहरू तथा पठन संस्कृतिको विकास गर्नुपर्ने आवश्यकताबारे छलफल गर्दै गर्दा बालसाहित्य पठनको समग्र प्रभावलाई गौण बनाइरहेका त छैनौँ ? हामीले नै बालसाहित्यको उद्देश्यलाई 'पढ्ने बानी र पठन संस्कृतिको विकास' का लागि भनेर सीमित गरेकाले विकासका अन्य पक्षहरू जसरी मूलधारमा समाहित भएका छन्, त्यसरी नै बालसाहित्यलाई समाहित गर्न नसकेको हो कि ?

पुस्तक पढेर नै पढ्ने बानीको विकास हुँदै पठन संस्कृतिको विकास हुन्छ भन्ने कुरामा म पूर्णरूपमा सहमत छु । यो सत् प्रतिशत सत्य पनि हो । एउटा बालकथा लेखिका भएको नाताले मैले पनि सधैँ यो कुराको पैरवी गरिरहेकी हुन्छु । मेरो लेखको तात्पर्य हामी बालकथा लेखकहरू आफैँले बालसाहित्यबारे हाम्रो न्यारेटिभलाई "पढ्ने बानी र पठन संस्कृतिको विकास"कै वरिपरि मात्र घुमाएर साँघुरो दायरामा सीमित पो गरिरहेका छौँ कि भन्ने हो । मेरो बुझाइमा 'पढ्ने बानी र पढ्न संस्कृतिको विकास' भनेको बालसाहित्य पढ्दाको एउटा उत्पादन ( बाइ प्रोडक्ट) मात्र हो । अझ यसलाई हामी तत्काल देखापर्ने उपलब्धि (आउट पुट) भन्न सक्छौँ वा केही समयपछिको उपलब्धिका रूपमा पनि लिन सक्छौँ । वास्तविक प्रभाव भने पक्कै पनि होइन । बालसाहित्यको खास प्रभाव पढेर सिकेका ज्ञानलाई व्यवहारमा उपयोग गर्नु र त्यसले घर, समाज र देश हुँदै संसारको समग्र विकासका लागि योगदान पुऱ्याउनु हो ।

विकासबारे थोरै चर्चा गरौँ । विकास त्यति जटिल कुरा होइन तर सोचेको जस्तो सजिलो पनि छैन । यो एकै पटक नभएर प्रक्रियागत रूपमा निरन्तर भइरहने कुरा हो । हिजोका दिनहरूमा विकासोन्मुख देशहरूमा विकासका लागि प्रविधि र आर्थिक पक्ष भए पुग्छ भन्ने सोचाइ रहेको थियो । सन् ६० को दशकबाट विकासका लागि मानवीय संसाधनको विकास अत्यन्त आवश्यक हुने कुरा महसूस हुन गयो । फलस्वरूप, हाम्रो जस्तो विकासोन्मुख देशहरूमा मानवीय संसाधनको विकासमा जोड दिन थालियो । नतिजा स्वरूप, हरेक दिन जसो होटेल तथा सभा हलहरूमा अभिमुखीकरण तालिम, गोष्ठी, सेमिनार जस्ता कुराहरू व्यापक रूपमा सञ्चालन हुन थाले ।

असल तथा दक्ष जनशक्ति भन्नाले के बुझिन्छ ? विकासका लागि चाहिने असल तथा दक्ष जनशक्ति भनेको प्रविधि रूपमा दक्षता हासिल गरेका र आफ्नो विषयबस्तुमा राम्रो जानकारी तथा दक्खल राख्ने भन्ने मात्र होइन, देश र समाजमा रहेका प्राथमिकताका विषयहरूलाई बुझेको, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिवेशहरूसँग परिचित रहेको तथा विगत र हालका आवश्यकताहरू के कस्ता रहेका छन् भन्ने कुराहरू पनि मनन गर्न सक्ने व्यक्ति हो । अझ मेरो विचारमा, दक्ष जनशक्तिमा हुनुपर्ने एउटा अत्यन्त महत्वपूर्ण गुण भनेको सामाजिक संवेदनशीलतासँग प्रत्यक्ष सरोकार राख्ने विषयहरू (जस्तैः लैङ्गिक समानता, सामाजिक समावेशीकरण, सबै खाले हिंसाको न्यूनीकरण, जोखिममा रहेका वर्गहरूलाई दिइने प्राथमिकता, भौतिक पूर्वाधारहरूको संरक्षण, सम्पदाहरूको सम्मान तथा सुरक्षा, असल परम्परा तथा संस्कारहरूको निरन्तरता, जलवायु परिवर्तनका प्रभाव, सम्मान तथा प्रेम, सुशासन, राज्यले बनाएका विधान, नीति, नियमहरूको सहर्ष पालना गर्ने लगायत कुराहरू) प्रति जानकार तथा संवेदनशील रही त्यसलाई मनैदेखि स्वीकार गरी संरक्षण र पालना गर्नु पनि हो ।

व्यक्तिलाई प्राविधिक रूपमा दक्ष बनाउन र विषयबस्तुमा जानकार बनाउन त्यति गाह्रो नहोला तर चुनौतीचाहिँ माथि भनिएका सामाजिक संवेदनशीलतासँग प्रत्यक्ष सरोकार राख्ने विषयहरूप्रति संवेदनशील बनाउनु हो । त्यसैले होला कतिपय प्राविधिक रूपमा दक्ष, शिक्षित र आफ्नो क्षेत्रमा जानकार भनिएका व्यक्तिहरू पनि समावेशिता, लैङ्गिक समानता र अपाङ्गता जस्ता मूलभूत मुद्दाहरूप्रति असंवेदनशील देखिन्छन् । भनिन्छ, वयस्क भइसकेपछि कुनै कुरा सिकाउन जति जटिल हुन्छ, बाल्य अवस्थामा उक्त कुरा सिकाउन त्यत्तिकै सहज हुन्छ । बाल्यावस्थामा सिकेका कुराहरू दीगो पनि रहन्छ । "नानीदेखि लागेको बानी" भन्ने हाम्रो उखानले पनि यसलाई पुष्टि गर्न सक्छ ।

तसर्थ, यदि हाम्रो चाहना भोलिका लागि असल र दक्ष मानवीय संसाधनको विकास गर्ने हो भने आजका हाम्रा साझेदार बालबालिकालाई प्रविधि र विषयबस्तुमा जानकार तथा समाजप्रति संवेदनशील बनाउँदै लैजान अत्यन्त जरुरी छ । वास्तविक आवश्यकता पनि यही हो । यदि सामाजिक संवेदनशीलताका विषयहरूलाई बाल्यकालदेखि नै बुझ्दै आइएको छ र त्यसमा अभ्यास पनि गर्दै आइएको छ भने व्यवहारमा त्यसको निखरता र प्रभावमा फरक देखिन्छ । बाल्यकालीन प्रभावले कार्य गर्दा आउन सक्ने नकारात्मक प्रभावहरू न्यून हुन जान्छन्, जोखिम घट्दै जान्छ, सामाजिक सद्भाव कायम रहन्छ, निर्माण तथा भौतिक पूर्वाधार निर्माणका क्रममा हुने नकारात्मक प्रभावहरू कम हुन जान्छ, सेवा दिने तथा उत्पादन गर्ने प्रक्रियाहरूमा मानवीय संवेदनशीलतालाई ध्यानमा राखिएको हुन्छ, नीति नियमहरू अझ बढी सामाजिक परिवेश सुहाउँदो र स्वीकार्य हुन्छन् । समग्रमा भन्दा विकासले निम्त्याउने विनास न्यून हुँदै जान्छ ।

यस्तो अवस्थामा साहित्यले महत्वपूर्ण भूमिका खेल्छ । साहित्यले मानिसलाई मनोरञ्जन र आत्मसन्तुष्टि मात्र नभई जानकारी पनि दिन्छ । साहित्यबाट प्राप्त जानकारीले बालकालिकाको दृष्टिकोण र व्यवहारलाई संवेदनशील बनाउन महत्वपूर्ण भूमिका खेल्न सक्दछ । बालसाहित्य पढेर हुर्केका बालबालिका वयस्क भएपछि उनीहरूको कामलाई सानोमा पढेर प्राप्त गरेका आधारभूत ज्ञान र अन्तर्दृष्टिले निश्चय पनि प्रभाव पार्छ । उनीहरूले आआफ्नो क्षेत्रहरूमा सकारात्मक परिवर्तन ल्याउने परिवर्तनकर्ताको रूपमा योगदान गर्न सक्दछन् । आउने दिनहरूमा आ-आफ्ना क्षेत्रहरूमा कार्यरत हुँदा माथि भनिएका सामाजिक संवेदनशीलताका विषयहरूमा संवेदनशील रही कार्य गर्छन् । यसरी बालसाहित्यबाट प्राप्त ज्ञान आफूमा मात्र सीमित नरही समग्र समुदाय, समाज र अन्ततः विश्वलाई प्रभाव पार्न सफल हुन्छ ।

अब प्रश्न उठ्छ, विकासका लागि बालसाहित्यको योगदान कहाँ र कसरी रहेको छ ?नेपालमा परापूर्वकालदेखि नै बालसाहित्यले यात्रा निरन्तर तय गरिरहेको छ । मौखिक रूपमा भन्दै आइएका लोककथा, धार्मिक कथा, नैतिक कथाहरू र मिथकहरू हुन् वा तथ्यमा आधारित कथाहरू नै किन नहुन्, बालबालिकालाई मनोरञ्जनात्मक तथा चित्रात्मक तरिकाले विषयबस्तुमा जानकारी दिलाउनका साथै उनीहरूलाई सामाजिक संवेदनशीलताका विषयहरूमा संवेदनशील बनाउँदै लैजाने र त्यसलाई व्यवहारमा उतार्न सक्ने बनाउनका लागि प्रयासहरू हुँदै आएका छन् । सम्भवतः हामी सबैलाई आज पनि बगैँचामा फुलेका फूलहरू देख्दा टिपौँ टिपौँ लाग्छ होला तर त्यही बेला सानो छँदा पढेको महाकवि देवकोटाको कविता "नटिप्नु हेर कोपिला, नचुँड्नु पाप लाग्दछ, नच्यात्नु फूल नानी हो, दया र धर्म भाग्दछ !!" कविता सम्झेर हामीले आफूलाई त्यो फूल टिप्नबाट रोक्छौं । फूल टिप्नबाट रोकिनुले उक्त कविताको प्रभाव हामीमा परेको पुष्टि हुन्छ ।

आजको दिनमा बजारमा उपलब्ध कुनै पनि बालसाहित्यका पुस्तकहरू पल्टाएर हेर्ने हो भने त्यसमा कथाका माध्यमद्वारा बालबालिकालाई प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा कुनै न कुनै प्राविधिक, विषयगत तथा नैतिक कुराहरू सहज रूपमा सिकाउने प्रयास गरिएको हुन्छ । चाहे त्यो जलवायु परिवर्तन होस्, लैङ्गिक समानता वा सामाजिक समावेशीकरण होस्, मान सम्मान र प्रेम होस्, सम्पदाको संरक्षण होस्, वा अन्य नैतिक, भौतिक र प्राविधिक कुरा होस्, बालसाहित्यमार्फत बालबालिकालाई उक्त कुरा बुझाउने प्रयास गरिन्छ । साहित्यमार्फत भन्न खोजिएको कुरालाई कसरी उनीहरूले मनन गर्न सक्छन् भनी विविध तरिकाहरू अपनाउने क्रममा बालसाहित्यकार निरन्तर लागिपरेका छन् । त्यसैले बालसाहित्यलाई भविष्यका लागि गरिएको लगानीका रूपमा हेर्नु जरुरी छ । यसले जिम्मेवार नागरिकका साथै एक साक्षर तथा सूचित समाजका लागि आधार निर्माण गर्दछ।

पछिल्लो समयमा बालसाहित्यलाई प्रोत्साहन दिइएको छ, रुचाइएको छ र स्थान पनि दिइएको छ । अधिकांश विद्यालयहरूमा बालसाहित्यका पुस्तकमार्फत बालबालिकालाई अध्ययन अध्यापन गराउने कार्यले राम्रो स्थान पाएको छ । राज्यले पनि पाठ्यक्रममा बालकथाका पुस्तकहरू समावेश गरेर विद्यालयहरूमा बुक कर्नरको स्थापना गर्न बजेट छुट्टाएर प्रोत्साहन गरेको छ । साथै, विभिन्न सरकारी तथा गैर-सरकारी संस्थाहरू तथा सङ्गठनहरूले पनि आफ्ना उद्देश्यअनुसारका बालसाहित्यका पुस्तकहरू प्रकाशित गरेका छन् । बालसाहित्यलाई अझै पनि विकासको मूलधारमा ल्याइएको भने देखिँदैन । हरेक खाले हिंसाका विरुद्ध शृ्ङ्खलाबद्ध अभियान होस् या जलवायु परिवर्तन सम्बन्धित अभियान, सम्पदा संरक्षणसम्बन्धी अभियान होस् वा पर्यटनसम्बन्धी अभियान, सामाजिक समावेशीकरण सम्बन्धी अभियान होस् वा शैक्षिक तथा आर्थिक प्रगतिका लागि अभियान, स्वास्थ्य र पोषणसम्बन्धी अभियान होस् वा विकास सम्बन्धी कुनै पनि अभियान, बालसाहित्यलाई महत्वका साथ स्थान दिइएको देखिँदैन । राज्य तथा सरोकारवालाद्वारा परिवर्तनका लागि विभिन्न पैरवी गरिएको हुन्छ, सभा सम्मेलनहरू राखिन्छ, छलफल तथा बहसहरूको आयोजना हुन्छ, नीति निर्माण तथा रणनीतिहरूको ढाँचा तय गर्नका लागि पहलहरू भइरहेका हुन्छन् तर त्यहाँ बालसाहित्यको उपस्थिति आवश्यक महसूस गरिँदैन । राष्ट्रको समग्र विकासको परिकल्पनाका साथ अघि बढ्दै गर्दा राज्य तथा सबै सरोकारवालाले बालसाहित्यलाई पनि मूलधारमा ल्याउनु अत्यन्तै महत्वपूर्ण रहन्छ । यो वास्तवमै आवश्यकता हो भनेर बुझ्नु पनि जरूरी छ ।

सामाजिक संवेदनशीलतासँग प्रत्यक्ष सरोकार राख्ने महत्वपूर्ण विषयहरूबारे हामी अध्ययन गर्छौं, लेख्छौं । ठूलो लगानी गरेर प्रकाशकले पुस्तक प्रकाशन गर्छ । हाम्रो भूमिका विद्यालयको साहित्यिक सप्ताह वा बाल दिवस जस्ता कार्यक्रममा उपस्थिति जनाउनु र फेरि उही 'कसरी पढ्ने बानी बसाल्ने' भन्ने बारे सुझाव दिनुमै सीमित रहन्छ । हाम्रो उपस्थिति त हरेक खाले हिंसाविरुद्धका शृ्ङ्खलावद्ध अभियान, जलवायु परिवर्तन, सम्पदा संरक्षण, पर्यटन, सामाजिक समावेशीकरण, शैक्षिक तथा आर्थिक प्रगति, स्वास्थ्य र पोषण वा विकाससम्बन्धी कुनै पनि अभियान, राज्य तथा सरोकारवालाद्वारा परिवर्तनका लागि गरिने विभिन्न पैरवीमा, नीति निर्माण तथा रणनीतिहरूको ढाँचा तय गर्नका लागि भइरहेका पहलहरूमा हुनुपर्ने होइन ? राज्यले गराइनु पर्ने होइन ?

हामीले पढ्ने बानीले बालबालिकामा ल्याउने शब्द भण्डारको विकास, पठनबोध कौशल, रचनात्मक, भाषिक र सिर्जनात्मक क्षमताको विकास, पठनप्रति रुचि जस्ता तत्कालका वा केही परका परिणाम सँगसँगै बालसाहित्यले ल्याउने समग्र दीर्घकालीन विकासको नतिजामा बढी केन्द्रित भएर बहसलाई अघि बढाउन आवश्यक छ ।

अब पनि हामीले बालसाहित्यले समग्र विकासमा पुऱ्याउने योगदान तथा प्रभावका बारेमा बहस गरेनौं, वकालत गरेनौं वा शिक्षक, अभिभावक, समुदाय, सरोकारवालाहरू तथा राष्ट्रलाई नै यसको दूरगामी प्रभावको चित्र देखाउन सकेनौं भने बालसाहित्य देशको समग्र विकासको मूलधारमा आउन अझै धेरै समय लाग्छ । यति भन्दै गर्दा 'पढ्ने बानीको विकासका लागि बालसाहित्य' वा 'पठन संस्कृति विकासका लागि बालसाहित्य' मात्र भन्नुभन्दा "विकासका लागि बालसाहित्य" भन्ने नारालाई पनि उक्तिकै जोडले अगाडि बढाउनका लागि हामी सबै लाग्न जरुरी छ ।


अनुराधा

साहित्यपोस्ट

## फाइल

**विजयराज पोखरेल**




फाइल
यस्तो जिनीस रहेछ
जुन
कसैको इशारामा
दराजमा थन्क्याउन मिल्ने
सरक्क झिक्न पनि मिल्ने !

फाइल
यस्तो जिनीस रहेछ
जुन
कसैको मिलोमतोमा
हरायो भन्न मिल्ने
भेटियो भन्न पनि मिल्ने !

फाइल
यस्तो जिनीस रहेछ
जुन
कसैको आदेशमा
धुलो जमाउन मिल्ने
धुलो टकटक्याउन पनि मिल्ने !

फाइल
यस्तो जिनीस रहेछ
जुन
कसैको तजबिजमा
सजिलै खोल्न मिल्ने
बन्द गर्न पनि मिल्ने !

सप्तर्षि पब्लिकेशन प्रा.लि.
Saptarshi Publication Pvt. Ltd.
Chabahil-7, Kathmandu, Nepal
9851120322, 9841800633
saptarshipub2080@gmail.com
Our Services:
All Kinds of Printing Solution.
छपाईको लागि: 9841263302, 9841475151



लोकतन्त्रप्रति पूर्ण समर्पित
साप्ताहिक
# नयाँ विमर्श
Naya Bimarsha Weekly


कौशल कुमार भट्टराई

कृष्ण लम्साल

पिएमणि भट्टराई

हरि शरण जमकटेल

प्रधान–सम्पादक/प्रकाशक : कौशल कुमार भट्टराई (९८५११३८२३७)
सम्पादक : कृष्ण लम्साल (९८५१३२२६३२, ९८४१३५१३५६)
कार्यकारी सम्पादक : पिएमणि भट्टराई (९८४३१०९६२०)
वरिष्ठ संवाददाताः आर. अर्याल
अन्तर्राष्ट्रिय समाचार संयोजकः एस. भट्टराई
कानूनी सल्लाहकार : अधिवक्ता हरि शरण जमकटेल
आई.टी.प्रमुखः स्पन्दन भट्टराई
प्रधान कार्यालय : मध्यपुर थिमी–३, भक्तपुर
काठमाडौँ–कार्यालय : बबरमहल, काठमाडौं, फोनः ०१–४२६७०६४
इमेल : nayabimarsha@gmail.com,
मुद्रण : सप्तर्षि पब्लिकेशन प्रा.लि., मित्रपार्क, काठमाडौं

## सम्पादकीय................

### संशोधन गर्दा समग्रमा गरौं

राष्ट्रिय दलको मान्यता पाउन पूरा गर्नुपर्ने शर्तलाई थप कडाइ गरिने भएको छ। निर्वाचन आयोगले संशोधनको प्रक्रियामा रहेको राजनीतिक दल सम्बन्धी ऐन २०७३ को व्यवस्थामा थप कडाइ गर्ने प्रस्ताव गरेको छ। उक्त ऐनको दफा ५२ ले राष्ट्रिय दलको मान्यता पाउन प्रतिनिधिसभाको चुनावमा समानुपातिकतर्फ कम्तीमा ३ प्रतिशत मत प्राप्त गर्नुपर्ने व्यवस्था गरेको छ। यसैगरी प्रत्यक्षतर्फ एक सिट मात्रै जिते हुने व्यवस्था विद्यमान छ। उक्त दफामा 'प्रतिनिधि सभाको निर्वाचनमा समानुपातिक निर्वाचन प्रणालीतर्फ कम्तीमा तीन प्रतिशत मत र पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फ एक सिट प्राप्त गर्ने दलले मात्र राष्ट्रिय दलको रुपमा मान्यता प्राप्त गर्नेछ।'यो व्यवस्थालाई संशोधन गर्दै त्यसलाई कडा गर्ने प्रस्ताव आयोगले गरेको छ। यसका लागि पाँचवटा शर्त पूरा गरेर मात्रै राष्ट्रिय दलको मान्यता पाउने व्यवस्था गरिने तयारीमा आयोग जुटेको छ। त्यसका लागि कानून संशोधनको तयारी अघि बढाइको छ।

यी शर्तहरुका बारेमा आयोगले समानुपातिक चुनावमा निश्चित मत प्राप्त गर्नैपर्ने प्रावधानलाई पहिलो शर्तका रुपमा राख्न प्रस्ताव गरेको छ। यसैगरी राष्ट्रव्यापी संगठनात्मक संरचना वा उपस्थिति हुनुपर्ने कुरालाई दोस्रो शर्तको रुपमा राखिएको छ। तेस्रो शर्तका रुपमाकम्तीमा तीनवटा प्रदेशबाट संघीय संसद्मा प्रतिनिधित्व भएको हुनुपर्ने भन्ने कुरालाई प्रस्ताव गरिएको छ। यसैगरी दल समावेशी चरित्रको हुनुपर्ने भन्ने कुरालाई चौथो शर्तका रुपमा राखिएको छ। यस्तै,पाँचौं शर्तका रुपमा कम्तिमा ८० प्रतिशत क्षेत्रमा चुनावमा भाग लिएको दललाई मात्रै राष्ट्रिय दलको मान्यता दिनुपर्ने भन्ने कुरा संशोधनमा राखिएको छ।

विद्यमान कानूनी व्यवस्थाले बहुदलको नै बेइज्जत गरिरहेको आभास नेपालीजनले गर्दै आएका छन्। अझ समानुपातिक निर्वाचन प्रणालीको दुरुपयोग भएको भन्ने जनगुनासो छ। एक दुई स्थानमा जितेर पनि उस्तै परे प्रधानमन्त्री नै पड्काउने अवस्थामा सिर्जना हुने खतरा बढि रहेको छ। सरकार बनाउँदा साना खाले दलहरुले ठूला भाग खोज्ने गर्दा मन्त्रीहरुको ताँती लाग्ने गरेको छ। यस्तो अवस्थामा संशोधनको प्रक्रिया चलाइएको हो भने सबैभन्दा पहिले त निर्वाचित हुनेको संख्या ठूलो मात्रामा कटौती गरिनुपर्छ। अन्य देशहरुको तुलनामा नेपालमा जनप्रतिनिधि बन्ने वा सांसद बन्ने संख्या तुलनात्मक रुपमा हेर्ने हो भने एकदमै बढी भएको देखिन्छ। यसैगरी समानुपातिक निर्वाचन प्रणालीले देशमा प्रतिनिधित्व हुन नसकेका जात, जाति, समुदाय, लिंग, वर्ग आदिलाई समेट्ने भन्ने राम्रो उद्देश्य लिएको छ। कानूनी हिसाबले हेर्ने हो भने यो राम्रो कुरा हो तर नेपालको सन्दर्भमा यो सोचे अनुसारको व्यवहारिक देखिएको छैन। व्यवहारमा भने नेताहरुले आफ्ना निकटका व्यक्तिहरुलाई सांसद बनाउने अश्त्रका रुपमा यसको प्रयोग गर्दै आइरहेका छन्। १० प्रतिशत मात्र सदुपयोग भएको होला नत्र बाँकी ९० प्रतिशत भने यसको दुरुपयोग नै भएको आम बुझाइ छ। त्यसैले ऐनमा संशोधन गर्दा सबै विकृतिलाई हटाउने गरी गरिनुपर्छ। केही साना दललाई नियोजित रुपमा झनै कमजोर बनाउने उद्देश्य लिनु हुँदैन। संशोधन गर्दा वृहत्त रुपमा हेरिनुपर्छ।

# नेपालमा कृषि बजारको अवस्था तथा समस्या र सुझाव


-गम्भीर बहादुर हाडा
अधिवक्ता तथा सह–प्राध्यापक, अर्थशास्त्र
भक्तपुर बहुमुखी क्याम्पस
(अवकासप्राप्त)

कृषकहरुले खेती गर्छन् र त्यसबाट उत्पादन हुने वस्तुहरुमध्ये आफूलाई चाहिने जति राखेर अरुलाई बिक्री गर्छन् र ती आयबाट अन्य आवश्यक बस्तुहरु खरीद गर्छन्। यसरी बिक्री हुने बस्तुको उचित मोल भए मात्र बिक्री गर्ने व्यवस्था हुनु आवश्यक छ। अन्यथा उचित मोल नपाएमा बस्तु बिक्री गर्न गाह्रो मान्छ तर कहिलेकाहीँ गरीब कृषकहरु आवश्यक बस्तुको आपूर्ति गर्नलाई कृषि उत्पादनका वस्तुहरु कम मूल्यमा पनि बिक्री गर्न बाध्य हुन्छन्। अतः यस्तो बजार, जहाँ कृषकहरुले आफ्नो कृषि उत्पादन वस्तुहरु उचित मोलमा खरीद बिक्री गर्छ भने त्यो कृषि बस्तु बजार हो र यस्ता बजार व्यवस्था भएकोलाई नै कृषि बस्तु बजार व्यवस्था भनिन्छ। नेपालको अर्थव्यवस्थामा कृषि क्षेत्रको महत्वपूर्ण स्थान भएकाले यस क्षेत्रको विकास गर्नका लागि अन्य विभिन्न पूर्वाधारहरुको साथै कृषि बजारको पनि विकास हुनुपर्दछ। सुव्यवस्थित कृषि बजारको विकास भएमा कृषकहरुले आफ्नो उत्पादनको उचित मूल्य पाउने हुनाले कृषि उत्पादन बढाउने प्रोत्साहन प्राप्त हुन्छ। उनीहरु स्थानीय मध्यम व्यापारीबाट शोषित हुँदैनन् र यसबाट उनीहरुको आम्दानी बचत र लगानी गर्ने क्षमता बढ्दछ। फलस्वरुप यसको अनुकूल असर सम्पूर्ण अर्थव्यवस्थामा पर्दछ। कृषकदेखि अन्तिम उपभोक्तासम्म कृषिबजारको परिचय पाउनु आवश्यक छ। कृषकदेखि अन्तिम उपभोक्तासम्म कृषि उत्पादन गरिने सबै किसिमका क्रियाकलापहरुलाई कृषि बजारको अर्थसँग जोड्न सकिन्छ।

बजार व्यवसायले कुनै वस्तु वा सेवा चाहेको समयमा, ठाउँमा र तिर्न खोजेको मूल्यमा उपलब्ध गराउन मद्दत गर्दछ जसबाट उपभोक्ताले सरल र उचित मूल्यमा नै त्यो बस्तु वा सेवा पाउँछ। बजार व्यवसाय जसको विस्तृत विकासले उपभोक्ताको मागको स्थिति, उपभोक्ताको रुचि बस्तुको लचकता, मूल्य लागत जस्ता कुराहरु उत्पादकले सजिलैसँग अडकल गर्न सक्छ र बजारको अनुसन्धान गरेर उपभोक्ताको चाहना अनुसार कम खर्चमै सो वस्तु उत्पादन गरी उपभोक्ताको हातसम्म पुऱ्याउन सहयोग पुऱ्याउँछ। कृषकहरुको जीवनस्तरमा कृषि उपजको मूल्यस्तरले ठूलो प्रभाव पारेको हुन्छ। सही रुपले देशको चौतर्फी विकास गर्नको लागि कृषकहरुको जीवनस्तरमा बढी भन्दा बढी सुधार ल्याउनु आजको परिप्रेक्ष्यमा आवश्यक छ।

कृषकहरुको जीवनस्तर सुधार्न उनीहरुको पसीनाको उचित मूल्य दिलाउने राम्रो व्यवस्था हुनुपर्दछ। कृषि उपजको मूल्य दिलाउने अर्थ यो हो कि कृषकहरुले नै उपभोग गर्न पाऊन्। बीचमा कुनै फौवन्जारले नहत्याऊन्। कृषि उपजको मूल्य निरपेक्ष नभई सापेक्ष हुनुपर्दछ। यसको मूल्य कृषि उत्पादनको लागि आवश्यक अन्य साधनहरुको मूल्यको आधारमा निर्धारण गर्नु उचित देखिन्छ। कृषि उत्पादनको उचित मूल्य किसानहरुले पाउन सकेमा यसबाट कृषि विकासमा उत्साहजनक प्रभाव पर्दछ। कृषि पेशालाई नै जीवनमार्गको रुपमा मान्न विवश नेपाली किसानहरुको आयको स्रोत कृषि उपजको बेच-बिखन नै हो।

कृषकहरुले आफ्नो अधिकांश उत्पादन गाउँमा नै बिक्री गर्ने हुँदा उत्पादक र उपभोक्ताको बीचमा मध्यस्थता गर्ने अन्य व्यक्ति हुनु स्वाभाविकै हो। अतः उत्पादकले आफ्नो उत्पादनको मोल उपभोक्ताले तिरेको भन्दा निकै कम पाउँछ। हाम्रो कृषि बजार व्यवसायमा निम्न प्रकारका मध्यमवर्गी व्यापारीहरु पाइन्छन् जस्तो –क. गाउँले साहू वा एजेन्ट, ख. फिरन्ता व्यापारी, ग. कमिशन एजेन्ट, घ. देशी र भारतीय थोक व्यापारीहरु, ङ. खुद्रा व्यापारीहरु, च. मिल मालिकहरु, आदि। बजार सानो र ठूलो दुवै हुन सक्छन्। सानो बजारमा वस्तुहरुको लेनदेन सीमित हुन्छ भने ठूलो वा विस्तृत बजारमा ठूलो मात्रामा बस्तुहरुको लेनदेन गरिन्छ।

बजारको विस्तारमा असर पार्ने कुराहरु निम्नलिखित हुन्– क. जनसंख्याको आकार, ख. यातायात पद्धति, ग. वस्तुको प्रकार, घ. उपभोक्ताको आयस्तर। ग्रामीण हाट बजार भन्नाले कुनै निश्चित स्थान र समयमा माल सामानहरूको खरीद तथा विक्री गर्नेहरूको भेला हुने ठाउँलाई बुझाउँछ। यस किसिमको ग्रामीण हाट बजारमा वस्तुहरूको पूर्ति माग अनुसार लचिलो हुँदैन किनभने यो एक छोटो अवधि वा केही बेरको लागि मात्र लाग्ने बजार हो। यस बजारमा बेच्न ल्याइने बस्तुहको मूल्य प्रायः मोलतोल नै निर्धारण हुने गर्दछ। हाम्रो देशमा चाडपर्व, मेला वा अन्य तोकिएको समयमा ठाउँ ठाउँमा सानो सानो पसल थापी ग्रामीण हाट बजार चलाउने प्रचलन धेरै समय अघि देखि नै चल्दै आएको हो। सामाजिक दृष्टिकोणले भन्दा आर्थिक दृष्टिकोणले हाम्रो जस्तो अविकसित अर्थतन्त्र भएको देशमा ग्रामीण हाट बजारको महत्व उच्च छ किनभने ग्रामीण हाट बजारको विकासले खासगरी तीन कुराहरूको फाइदा प्रदान गर्दछ।

ती हुन् (१) कृषि उत्पादनमा बृद्धि हुने, (२) कृषकहरूले उचित मूल्य पाउने र (३) ग्रामीण अर्थतन्त्रमा मुद्राको प्रचलन हुने। देशको अत्यधिक जनता पहाड तर्फ रहेको तर ग्रामीण हाट बजारको संख्या भने कम भएकोले तराईका जनताको दाँजोमा पहाडी जनताहरू ग्रामीण हाट बजारको उपयोग गर्न पछि नै रहेको देखिन्छ।

नेपालको ग्रामीण बजार ज्यादै नै असंगठित छ। नेपालका कृषकहरू अधिराज्यभरी छरिएर रहेका छन्। उनीहरूले व्यक्तिगत रुपबाटै कृषि उत्पादनको बेचबिखन र कृषि सामग्रीहरूको खरिदमा यथोचित मूल्य पाउन सकिरहेको छैनन्। अधिकांश कृषकहरूसँग बजारमा बिक्रिको लागि कृषि उपजको बचन हुँदैन। केही कृषकहरूसँग हुने बचतको मात्रा पनि नगन्य छ। जसले गर्दा उनीहरू स्थानीयस्तर मै सस्तो मूल्यमा बिक्री गर्न बाध्य हुन्छन्। धेरैजसो कृषकहरूले स्थानीय बजारका साहू महाजन तथा व्यापारीसँग आफूलाई आवश्यक पर्ने सामग्री र ऋण लिएका हुन्छन्। जसले गर्दा बाली भित्र्याउन नपाउँदे खेत आँगनबाटै स्थानीय स्तरमै बिक्री गर्न बाध्य हुन्छन्। नेपालको कृषि उत्पादन र कृषि बजार मौसमी खालको छ। अधिकांश कृषकहरू गरिब भएकाले भण्डारण गर्ने व्यवस्था समेत छैन। त्यसैले उनीहरू मौसम अनुसारको खेतीबाली तुरुन्ते सस्तो मूल्यमा बेच्दछन् र बेमौसमी बेलामा महंगोमा किनेर खान बाध्य हुन्छन्। नेपालको कृषि बजारमा मुलक्त मध्यस्थकर्ताहरूको बाहुल्यता छ। अधिकांश कृषकहरू गरीब भएकोले र उनीहरूबाट उत्पादित कृषि उपज पनि स-सानो मात्रामा हुने हुँदा ठूलो बजार समक्ष उनीहरू जान सक्दैनन्। गाउँ घरमा घरदैलोमै ढककाँटा बोकी मध्यस्थकर्ताहरू पुग्दछन्। उनीहरूले कृषकहरूबाट सस्तो मूल्यमा कृषि उपज खरीद गरी बजार तथा ठूला व्यापारी समक्ष पुऱ्याउँदछन् र त्यसको वास्तविक फाइदा लिन्छन्। यसरी नेपाली कृषकहरू मध्यस्थकर्ताबाट शोषित छन्। प्राचीन समयदेखि नै नेपाल र भारतबीचको खुल्ला सीमानाले गर्दा अन्य क्षेत्रमा जस्तै नेपालको कृषि क्षेत्रमा पनि यसको प्रभाव पर्दै आएको छ। अधिकांश कृषि उत्पादनको मूल्य भारतीय बजारद्वारै प्रभावित र निर्धारित हुने गर्दछ यस्ता मध्यस्थकर्ताहरूले नेपालको तुलनामा भारतमा कृषि उत्पादनको लागत कम छ भने उत्पादनको मात्रा अधिक छ जसले गर्दा नेपालको कृषि बजारमा नकारात्मक प्रभाव पर्न गएको छ। नेपालको भौगोलिक अवस्था र यातायात तथा सञ्चारको अभावले गर्दा नेपालको कृषि बजारको संयन्त्र ज्यादै कमजोर छ।

नेपालका ग्रामीण क्षेत्रमा कृषि पैदावारहरु संस्थागत बजारमार्फत बेच्ने चलन कम भएकोले, कृषकहरुले मध्यस्थ व्यापारीहरुबाट बढी मोल लिन सकेका छैनन्। ग्रामीण क्षेत्रका बजारमा कृषिका विभिन्न वस्तुहरु खरीद बिक्री हुन आउँछन् त्यसमा बस्तुको गुणस्तर बमोजिम छुट्ट्याएर राख्ने व्यवस्था हुँदैन जसले गर्दा राम्रो वस्तुको उचित मूल्य पनि आउँदैन। राम्रो र नराम्रो एउटै कृषि वस्तुहरु छ्यासमिस गरी बिक्रीको लागि बजारमा ल्याउँछ। तसर्थ बस्तुको स्तर वर्गीकरण हुनुपर्ने हो, सो भएको पाइँदैन।संगठनको माध्यमद्वारा मोलमोलाई गर्ने शक्ति बढी हुन् भए तापनि नेपाली कृषकहरु अशिक्षित भएकाले उनीहरुको बीचमा संगठन छैन। फलस्वरुप उनीहरु कृषि उत्पादनमा लागेको खर्चअनुसार त्यसको मूल्य निश्चित गर्न सक्दैनन्। यसले गर्दा कृषि उत्पादन कम मूल्यमा बिक्री हुनुको साथै उनीहरुले आफ्नो श्रमको उचित मूल्य तथा प्रतिफल पाएका छैनन्। नेपालमा धेरैजसो किसानहरु ऋणमा डुबेको हुनाले उनीहरुले उत्पादन गरेको कृषि उत्पादन बाली तयार भएपछि नै कम मूल्यमा भूमिपतिहरुलाई बुझाउनुपर्दछ। कतिपय किसानहरुसँग भूमिपतिलाई आफ्नो उत्पादन बुझाएपछि उपभोग गर्नको लागि समेत उत्पादन बाँकी रहँदैन। यसबाट पनि कृषि बजारको विकास हुन कठिनाई भएको देखिन्छ।

हाट बजारको विकासको लागि पञ्च, ग्रामीण कार्यकर्ता, बुद्धिजिवी र इत्यादिको सहयोगमा हाट लाग्ने दिनमा ठाउँ ठाउँमा समेत प्रचार प्रसार गरी व्यापारीहरूलाई आकर्षित गर्ने प्रयास हुनु। बजार स्थलहरूमा परिवार नियोजनको प्रचार प्रसार, कृषि प्रदर्शन। सांस्कृतिक कार्यक्रम, मनोरञ्जनका अन्य साधनहरूको समय समयमा प्रदर्शन गर्ने गर्नुपर्दछ। हाल ग्रामीण क्षेत्रका सबै ठाउँमा गोदामको आवश्यकता पर्ने व्यवस्था गरी दैनिक आवश्यकताका वस्तुहरू स्टक गरी राख्ने र सोही ठाउँबाट ती वस्तुहरू विभिन्न हाट बजारमा लगिने, निजी व्यापारीहरूलाई पनि सो गोदाम सुविधा दिने र यसो गर्नाले निकासी पैठारी दस्तुर तिर्न नपर्ने हुँदा व्यापारीहरू केही हदमा आकर्षित हुन जाने छन्। जनतालाई क्रय शक्ति बढाउनको लागि सूर्ती, उखु, कपास, तरकारी फलफूल खेतीतिर किसानहरूलाई बढी आकर्षित गराउनु पर्दछ। सो कार्यका लागि जिल्ला कृषि शाखाद्वारा व्यापक कार्यक्रम संचालन गर्न साथै चाहिने बेलामा ऋण, कृषि सामग्री र प्राविधिक सहयोग उपलब्ध गराउनु पर्दछ। यस्तो गर्न सकेमा उक्त बस्तुहरू हाट बजारमा विक्री गर्न आउनका साथै जनताको आर्थिक आय बढ्दै जानेछ। प्रत्येक हाट बजार स्थलमा क्रमिक रूपमा पशु हाट समेत संचालन गर्ने गर्नुपर्दछ। यसो गर्न सकेको खण्डमा किसान र व्यापारीहरूलाई पशु खरीद विक्री गर्नमा सुविधा हुनुका साथै बढी आय प्राप्त गर्न सकिन्छ। यसको साथ साथै पशु खरीद, विक्री करबाट बढी आय प्राप्त गरी तीव्र गतिमा हाट बजारको विकास अपेक्षा गर्न सकिन्छ।

सडक यातायातको विकासमा धेरै पछाडी रहेका खाद्यान्नको कम उब्जनीबाट भुक्तानी खान बाध्य रहेका निम्न आर्थिक अवस्थाका पहाडी भेगका वासिन्दाहरूका निमित्त यस किसिमको हाट बजारले सीप प्रदर्शनीका रूपमा पनि जाँगरलाई उत्पादनमूलक कार्यमा ढाल्न सघाउ पुऱ्याउन सक्छन्। नुन, दाल, चामल, तेल र तरकारी जस्ता अत्यावश्यक दैनिक उपभोग्य वस्तुको खाँचो टार्ने आर्जनको अभाव व्यहोरी रहन बाध्य जनताका निम्ति आफु संग भएको वस्तु बेचेर थोरै मात्रामा भए पनि रकम हस्तान्तरण गर्ने अभ्यास बढाउने हुनाले यस्ता हाट बजारले जन-जीवनमा पार्ने प्रभाव कम महत्वपूर्ण छैन। हाट बजारले सांस्कृतिक सम्पर्क, भेटघाट, चिनारी-जस्ता गतिविधिहरूलाई समेत बढावा दिने गर्दछ। देशको कूल गार्हस्थ उत्पादनको एक तिहाई भन्दा बढी कृषि क्षेत्रवाट प्राप्त हुने र करिब दुई तिहाई जनसंख्या रोजगारी तथा जिविकाका लागि यस क्षेत्रमा निर्भर रहने भएकोले नेपालको अर्थतन्त्रमा कृषि क्षेत्रको भूमिका महत्त्वपूर्ण रहेको स्पष्ट छ। अन्तर्राष्ट्रिय स्तरमा खाद्यान्न तथा खाद्य पदार्थमा भएको मूल्यवृद्धि तथा अपर्याप्त आपूर्ति, आर्थिक रूपले सकृय जनशक्ति दिनानुदिन विदेशिने क्रम बढ्दै जाँदा कृषि क्षेत्रमा वढ्दै गई रहेको श्रम शक्तिको अभाव, उर्वर कृषि भूमिको गैर कृषि प्रयोजनमा वढ्दो उपयोग तथा जलवायु परिवर्तनको नकारात्मक प्रभाव जस्ता कारणहरूले कृषि क्षेत्रमा आशातित उपलब्धि हासिल गर्नु चुनौतीपूर्ण रहेको छ।

सम्बन्धित ऐन नियमहरू समयसापेक्ष नहुनु र भएका ऐन नियमको कार्यान्वयन कमजोर हुनु, सरकारी लगानी न्यून रहनु र कृषक तथा व्यवसायीहरूले सर्वसुलभ रूपमा ऋण र प्राविधिक सहयोग समयानुकूल पाउन नसक्नु प्रमुख समस्याको रूपमा रहेको छ। कृषि तथा पशुजन्य वस्तु उत्पादन वृद्धि तर्फ साना, खण्डित र अव्यवस्थित भू उपयोग हुनु, दोहोरो भू-स्वामित्वको स्थिति रहनु, कृषि तथा पशुजन्य उत्पादनका आधारभुत सामग्रीको पर्याप्त आपूर्ति नहुनु, उत्पादनको उपयुक्त बजार तथा मूल्य पाउन नसक्नु, कृषि तथा पशु सेवा प्रसार सम्बन्धी कार्यमा केन्द्र र जिल्लास्तरको समन्वयमा कमी हुनु, आवश्यक प्रविधि, जनशक्ति, सामग्री, प्रसार सेवा सहज र सर्वसुलभ नहुनु जस्ता समस्या रहेका छन्। कृषि व्यावसायीकरण र व्यापारतर्फ उत्पादनको लागत, गुणस्तर तथा समग्र प्रवृत्ति प्रतिस्पर्धी र बजारमुखी हुन नसक्नु, निर्यात संभाव्यता भएका बाली र वस्तुहरू तथा सो को माग सम्बन्धी अनुसन्धानमा कमी हुनु, माग अनुरूप उत्पादन विविधिकरण गरी बजारमा पुऱ्याउन नसक्नु, विविध क्षेत्रमा आवश्यक वैज्ञानिक तथा अन्य जनशक्तिको व्यवस्थापन कमजोर हुनु, प्रयोगशाला लगायत अनुसन्धानका पूर्वाधारहरूको कमी हुनु जस्ता समस्या विद्यमान छन्।

लोकतन्त्रप्रति पूर्ण समर्पित
साप्ताहिक
नयाँ विमर्श
Naya Bimarsha Weekly

## नबिल बैंकले जाजरकोट र रुकुम पश्चिमका भूकम्प प्रभावितलाई कम्बल वितरण

काठमाडौं । नबिल बैंकले जाजरकोट र रुकुम पश्चिमका भूकम्प प्रभावितलाई कम्बल वितरण गरेको छ । भूकम्पपछि जाजरकोट र रुकुम पश्चिममा बैंकले निर्माण गरेका ९६ वटा अस्थायी आवासमा बसोबास गरिरहेका परिवारलाई कम्बल वितरण गरिएको हो ।

बैंकले एक कार्यक्रम आयोजना गरी यही माघ १ गते नलगाड-१ का वडा अध्यक्ष धनबहादुर महर र माघ २ गते चौरजहारी-१ का वडा अध्यक्ष ईन्द्रे गिरीको उपस्थितिमा कम्बल वितरण गरेको थियो । यस वर्षको हिउँदमा पनि अस्थायी आवासमा बिताउनु पर्दा खासगरी वृद्धवृद्धा, बालबालिका र सुत्केरीहरुको स्वास्थ्यमा पर्नसक्ने समस्यालाई ध्यानमा राखी कम्बल वितरण गरिएको नबिल बैंकका वरिष्ठ नायब प्रमुख कार्यकारी अधिकृत मनोज ज्ञवालीले बताए ।

बैंकले आफ्नो संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत स्थानीय सरकारसँगको साझेदारीमा जाजरकोटको नलगाड नगरपालिका-१ मा ४७ र



रुकुम पश्चिमको चौरजहारी नगरपालिका-१ का भूकम्पपीडितका लागि ४९ वटा अस्थायी आवास निर्माण गरेको थियो । सोही अस्थायी आवासमा बसोबास गर्ने परिवारका लागि यसपटक कम्बल वितरण गरिएको बैंकले जनाएको छ ।

त्यसअवसरमा नलगाड-१ का अध्यक्ष महर र चौरजहारी-१ का अध्यक्ष गिरीले भूकम्प प्रभावितका लागि ओत लाग्न सुरक्षित ठाउँ उपलब्ध गराउनुका साथै यसवर्ष चिसोबाट बच्न कम्बल वितरण गरी राहत उपलब्ध गराएकामा नबिल बैंकलाई धन्यवाद दिए ।

विासं २०८० कात्तिक १७ गते जाजरकोटको बारेकोट गाउँपालिका-१ रामीडाँडा केन्द्रविन्दु भइ ६.४ रेक्टर स्केलको भूकम्प जाँदा जाजरकोट र रुकुम पश्चिममा ठूलो क्षति पुऱ्याएको थियो ।

नबिल बैंकले सामाजिक उत्तरदायित्वअन्तर्गत समाजमा सकारात्मक परिवर्तन ल्याउने उद्देश्यसहित विभिन्न सामाजिक कार्य गर्दै आएको छ । बैंकले विशेष गरी वित्तीय साक्षरता, उद्यमशीलता विकास, स्वास्थ्य, शिक्षा, विपद् जोखिम न्यूनीकरण, व्यवस्थापन र जलवायु परिवर्तनका क्षेत्रमा प्राथमिकताका साथ काम गरिरहेको छ ।

बैंकको उक्त प्रयासबाट विभिन्न समुदायका हजारौं मानिसहरूको जीवनमा सकारात्मक सुधार हुनुका साथै वातावरण संरक्षणतर्फ ठोस कदम अगाडि बढाउन सहयोग पुगेको छ । विशेषगरी उद्यमशीलता विकासको क्षेत्रमा नबिल बैंकले ‘नबिल स्कुल अफ सोसल इन्टरप्रेनरसिप’ मार्फत फेलोसिप कार्यक्रम र सर्टिफिकेट कोर्स सञ्चालन गरी हालसम्म एक सय १७ वटा उद्यम स्थापना र एक हजार दुई सयभन्दा बढी रोजगारी सृजना गरेको छ ।

## कामना सेवा विकास बैंकलाई अग्राधिकार सेयर जारी गर्न राष्ट्र बैंकबाट स्वीकृति

काठमाडौं । कामना सेवा विकास बैंकले नेपाल राष्ट्र बैंकबाट अबिमोच्य अग्राधिकार सेयर जारी गर्न स्वीकृति प्राप्त गरेको छ । कामना सेवाले आफ्नो १८औं वार्षिक साधारण सभाबाट अग्राधिकार सेयर जारी गर्ने सम्बन्धी प्रस्ताव पारित गरी स्वीकृतिका लागि नेपाल राष्ट्र बैंक समक्ष पेस गरेको थियो ।

राष्ट्र बैंकले मंगलबार अग्राधिकार सेयर जारी गर्नका लागि स्वीकृति प्रदान गरेको बैंकका प्रमुख कार्यकारी अधिकृत दिनेश थकालीले जानकारी दिए । राष्ट्र बैंकले गत वर्षको मौद्रिक नीतिको तेस्रो त्रैमासिक समीक्षामा गरेको व्यवस्था बमोजिम बैंक तथा वित्तीय संस्थाहरूलाई पूँजीकोष सबलीकरण गर्नका लागि हकप्रद सेयरको विकल्पको रूपमा गत १२ असरमा सर्कुलर जारी गर्दै अबिमोच्य असञ्चिति अग्राधिकार सेयर जारी गर्न बाटो खुलाएको थियो ।




राष्ट्र बैंकले अबिमोच्य असञ्चिति अग्राधिकार सेयर जारी गर्न बाटो खुलाएसँगै बैंकले गत १७ असारमै ९ प्रतिशत प्रतिफल दर तोकेर ३५ लाख कित्ता अबिमोच्य असञ्चिति अग्राधिकार सेयर जारी गर्ने निर्णय गरेको थियो । उक्त अग्राधिकार सेयर जारी गरे पश्चात बैंकको पूँजीकोष बढ्न गई व्यवसाय विस्तारमा सहजीकरण हुनेछ ।

हाल बजारको तरलता अवस्था र प्रतिफलको दरलाई हेर्दा संस्थागत लगानीकर्तालाई ९ प्रतिशत लाभांश प्रदान गर्ने अग्राधिकार सेयर लगानीको उचित माध्यम समेत हुने बैंकले जनाएको छ । अब, नेपाल धितोपत्र बोर्डको स्वीकृति पश्चात उक्त अबिमोच्य असञ्चिति अग्राधिकार सेयर बिक्रीका लागि आह्वान हुने र सम्बन्धित नियामकीय निकायको स्वीकृति पश्चात स्टक एक्सचेन्जमा सूचीकृत हुने थकालीले बताए ।

## कृषि विकास बैंकको ५८ औं वार्षिकोत्सव सम्पन्न

काठमाडौं । कृषि विकास बैंकले आफ्नो ५८ औं वार्षिकोत्सव मनाएको छ । सोमबार बैंक परिसरमा सम्पन्न उक्त समारोहका प्रमुख अतिथि उपप्रधान एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेलले पानसमा दीपप्रज्वलन गरी उद्घाटन गरेका थिए ।



उद्घाटन पश्चात प्रमुख अतिथि अर्थमन्त्री विष्णुप्रसाद पौडेलले पछिल्लो समय अब्बल बैंकका रुपमा आफूलाई स्थापित गर्न सफल भएको भन्दै प्रशंसा गरे । हाल बैकिङ्ग बजारमा निक्षेप संकलनको तुलनामा कर्जाको माग नहुनु चुनौतीको रुपमा रहेको छ , पछिल्लो समय समग्र अर्थ तन्त्रका सुचकहरुमा सकरात्मक हुने संकेत देखिएकोले बैंकहरुले पनि कर्जा लगानीलाई थप सर्वसुलभ ढंगले कर्जा प्रवाह गर्ने गरी आफ्ना कार्यक्रमहरु बढाउन आग्रह गरे ।

उक्त अवसरमा प्रमुख अतिथिबाट बैंकको नयाँ वेबसाइटको शुभारम्भ समेत भएको छ । उक्त कार्यक्रमलाई सम्बोधन गर्ने क्रममा विशिष्ठ अतिथि नेपाल राष्ट्र बैंकका गर्भनर महाप्रसाद अधिकारीले बैंकहरुले पछिल्लो समयमा गरेको प्रगति राम्रो भएकोले लगानीको मार्ग प्रशस्त गर्दै अगाडी बढ्न आग्रह गरे । पछिल्लो समय बैकिङ्ग बजार केही चुनौती भए पनि पालना गर्नु न्युनत्तम नियमको पालना गर्दै कषि विकास बैंकले गत आ.व.मा गरेको प्रगतिले यहाँका कर्मचारीहरुलाई मात्र नभई बैंकको हितचाहने ग्राहक लगायत सम्पूर्णलाई उत्साहित बनाएको विचार व्यक्तगर्दै उनले बैंकको प्रशंसा गरे ।

त्यसैगरी बैंकले प्रकाशन गरेको ५८ औं वार्षिकोत्सव आर्थिक विशेषाङ्क तथा विगत ४६ वर्षदेखि प्रकाशन भइरहेको साहित्यिक प्रकाशन समष्टिको पनि प्रमुख अतिथिबाट विमोचन समेत गरिएको थियो । बैंक सञ्चालक समितिका अध्यक्ष रामशरण पुडासैनीको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रममा कृषि विकास बैंकका पूर्व महाप्रबन्धक श्रीकृष्ण उपाध्याय, लगायतका अतिथिले वार्षिकोत्सवको शुभकामना व्यक्त गरेका थिए । कार्यक्रममा उपस्थित प्रमुख अतिथि, विशिष्ट अतिथि, अतिथि लगायत सम्पूर्णमा स्वागतगर्दै बैंकका प्रमुख कार्यकारी अधिकत गोविन्द गुरुङले हाल बैंकको समग्र गतिविधिको समेत जानकारी दिएका थिए ।

## महालक्ष्मी विकास बैंकद्वारा विभिन्न संस्थागत सामाजिक उत्तरदायित्वका कार्यक्रम सम्पन्न

काठमाडौं। महालक्ष्मी विकास बैंकले वित्तीय साक्षरता, शिक्षा, स्वास्थ्य, दैवी प्रकोप व्यवस्थापन, वातावरण संरक्षण, सांस्कृतिक प्रबर्द्धन, पुर्वाधार निर्माण/सुधार, दिगो विकास लक्ष्य, मानव सेवा तथा परोपकार कार्य जस्ता विभिन्न क्षेत्रहरुमा संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत कार्यक्रम सञ्चालन गर्ने निति अनुरुप बैंकले विभिन्न्न कार्यक्रमहरु सम्पन्न गरेको छ ।

सोही अन्तर्गत बैंकको पालुङ्ग शाखाद्धारा थाहा नगरपालिका-११, देउराली, मकवानपुर स्थीत श्री कालिदेवी प्राथमिक विद्यालयमा अध्ययनरत ८३ जना विधार्थीहरु मध्ये ५५ जना विपन्न वर्गका विधार्थीहरुमा न्यानो कपडाको अभावमा जाडो मौसममा विभिन्न स्वास्थ्य समस्याहरु देखिएको र पठनपाठनमा समेत प्रत्यक्ष रुपमा असर पर्न गएकोले यस बैंकको पालुङ्ग शाखा द्धारा मिति २०८१/०९/२७ गते एक कार्यत्रमका बीच ५५ थान पोलार ज्याकेट वितरण गरिएको छ ।




साथै सर्वोदय परियोजना नामक गैह सरकारी संस्थासँगको समन्वयमा दृष्टिविहिन कलाकारहरुको असाधारण प्रतिभालाई उजागर गर्दै समावेशिता, विविधता र सिर्जनशिलतालाई प्रबर्द्धन गर्न आयोजित अदृश्य मोतीहरु” नामक कार्यक्रम सञ्चालन गर्नको निमित्त बैंकले आर्थिक सहयोग गरेको छ । यस कार्यबाट अपाङ्गता भएका व्यक्तिहरुको प्रतिभा प्रस्तुत गर्न तथा समाजमा आफ्नो उपस्थिति देखाउन सहयोग पुग्ने साथै समावेशी समाज निर्माण गर्न सहयोग पुग्ने विश्वास बैंकले लिएको छ । बैंकले गर्दै आएका यस्ता संस्थागत सामाजिक उत्तरदायित्व कार्यहरुबाट समग्र आर्थिक तथा सामाजिक विकासमा टेवा पुग्ने विश्वास बैंकले लिएको छ । बैंकले हालै ग्राहकहरुलाई अत्याधुनिक, सुरक्षित तथा सहज डिजिटल बैंकिङ्ग सुविधा उपलब्ध गराउने बैंकको निति बमोजिम मोबाइल एप्लिकेसनलाई परिष्कृत गर्दै “महालक्ष्मी स्मार्ट साथी” सञ्चालनमा ल्याएको छ ।

## कुमारी बैंक र वात्सल्य नेचुरल आईभीएफबीच सम्झौता

काठमाडौं । कुमारी बैंक लिमिटेड र वात्सल्य नेचुरल आईभीएफ प्रालिबीच सम्झौता भएको छ । कुमारी बैंकका ग्राहकलाई वात्सलय नेचुरल आईभीएफको देशभरि रहेका शाखाबाट विशेष छुट प्रदान गर्ने विषयमा दुवै




पक्षबीच सम्झौता भएको हो । सम्झौता अनुसार कुमारी बैंकका ग्राहकलाई वात्सल्य आईभीएफ प्याकेजमा १० हजार रुपैयाँ छुट प्रदान गरिने छ । साथै उपचारका क्रममा आवश्यक पर्ने सबै प्याथोलोजी परीक्षणहरूमा १० प्रतिशत र औषधि खरिदमा ५ प्रतिशतसम्म छुट प्रदान गरिनेछ । काठमाडौंको नक्सालमा रहेको वात्सल्य नेचुरलले बाँझोपन परीक्षण, बाँझोपन उपचार, प्रजनन् क्षमता संरक्षण, दाता उपचार तथा गर्भ परीक्षण लगायतका सेवाहरु प्रदान गर्दै आइरहेको छ ।

## नेपाल एसबिआई बैंकद्धारा नेपाल भारत मैत्री संघ कास्कीलाई सहयोग रकम हस्तान्तरण

काठमाडौं । नेपाल एसबिआई बैंक लि. ले सामाजिक उत्तरदायित्व कार्यक्रम अन्तर्गत पोखरा महानगरपालिका ०३, नदीपुर, कास्की स्थित नेपाल भारत मैत्री पुस्तकालयलाई सहज रुपमा सञ्चालन गर्न नेपाल भारत



मैत्री संघ, कास्कीलाई रु ३.०० लाख आर्थिक सहयोग गरेको छ । उक्त सहयोग रकम बैंकका गण्डकी प्रदेश प्रमुख, श्री मिन वहादुर गरुङले संघका अध्यक्ष, गोपाल धोजुलाई औपचारिक रुपमा हस्तान्तरण गरेका थिए । सो कार्यक्रममा लेफ्टिनेन्ट कर्नल, श्री प्रसान्त सिङ बागेल, बैंक तथा संघका अन्य पदाधिकारीहरु समेतको उपस्थिति रहेको थियो । बैंकले शिक्षा क्षेत्रमा यस किसिमको कार्यक्रम समय समयमा गर्दै आइरहेको छ। हाल बैंकले १०० शाखा, २२ एक्सटेन्सन काउण्टर, ७ प्रदेश कार्यालय, १९ शाखारहित बैंकिङ सेवा, १२२ एटीएम र १ कर्पोरेट कार्यालय मार्फत सेवा प्रदान गर्दै आएको छ ।

## प्रभु बैंकमा प्रभु ग्रुपले घटाउदै आफ्नो सेयर

काठमाडौं । प्रभु बैंक लिमिटेडबाट प्रभु ग्रुपले आफ्नो सेयर स्वामित्व घटाउँदै आइरहेको छ । बैंकले सार्वजनिक गरेको वार्षिक प्रतिवेदन अनुसार अघिल्लो आर्थिक वर्ष २०७९/०८० मा प्रभु ग्रुपको नाममा २८ लाख ५१ हजार ९७८ कित्ता सेयर रहेको थियो । गत आव ०८०/०८१ मा आइपुग्दा बैंकमा ग्रुपको नाममा २३ लाख ५४ हजार कित्ता सेयर रहेको छ । अघिल्लो आवमा बैंकमा ग्रुपको स्वामित्व १.२१ प्रतिशत रहेको थियो भने गत आवमा ग्रुपको स्वामित्व ०.९९ प्रतिशतमा सिमित भएको छ ।

यता, एसियन लाइफ इन्स्योरेन्सले भने आफ्नो स्वामित्व बढाउँदै लगेको छ । अघिल्लो आवमा एसियन लाइफको नाममा ८० लाख ३७ हजार ९२२ कित्ता सेयर थियो । गत आवमा आइपुग्दा इन्स्योरेन्सको नाममा १ करोड ७५ लाख ९ हजार कित्ता सेयर रहेको छ ।

इन्स्योरेन्सले ३.४१ प्रतिशतबाट आफ्नो स्वामित्व वृद्धि गरेर ४.९९




प्रतिशत पुराएको छ । एसियन लाइफ सो बैंकको सबैभन्दा ठुलो सेयरधनी हो । दोस्रो ठुलो सेयरधनीमा गौरभ अग्रवाल रहेका छन् । उनको नाममा ६३ लाख ७९ हजार कित्ता सेयर तथा २.७१ प्रतिशत स्वामित्व रहेको छ । यसैगरी, नागरिक लगानी कोषको नाममा ५९ लाख ५१ हजार कित्ता सेयर रहेको छ । बैंकमा नागरिक लगानी कोषको २.५३ प्रतिशत स्वामित्व रहेहो छ ।

यसैगरी, चौथो ठुलो सेयरधनीमा प्रभु ग्रुप रहेको छ भने पाँचौ ठुलो सेयरधनीम मिजास भट्टचन रहेका छन् । मिजासको ०.८० प्रतिशत स्वामित्व रहेको छ । सुदिप आचार्यको र अम्बिका शर्मा लामिछानेको स्वामित्व समान ०.६० प्रतिशत रहँदा ज्यानु श्रेष्ठको ०.५८ प्रतिशत, राजेन्द्र भट्टचन र स्वरुप गुरुङको समान ०.५७ प्रतिशत सेयर स्वामित्व रहेको छ। यस्तै, नेपाल इन्भेष्टमेन्टको ०.५२, शिवम् सिमेन्टको ०.५१ र सन नेपाल लाइफ इन्स्योरेन्सको ०.५० प्रतिशत सेयर स्वामित्व रहेको बैंकले सार्वजनिक गरेको प्रतिवेदनमा उल्लेख छ ।

लोकतन्त्रप्रति पूर्ण समर्पित
साप्ताहिक
नयाँ विमर्श
Naya Bimarsha Weekly

JANASHAKTI
By HR Capital Nepal

# Why Do Bangalis love to travel so much ?

**Shinibali Mandal**



There are two things that makes every Bengali happy. Those are,Food and Travel.

An average bengali lives for these two.

There's a different kind of relationship between Bengalis and travelling. Bengalis are culturally rich. And travelling is one of their culture.

They work hard throughout their life, save money, only to travel the country and the world. They love to experience. They love to explore. Saving money for travelling is an investment for them. It enlishes an enriching experience. From 8 to 80, every Bengali makes plans to travel to their favourite destinations. They travel mostly on summer vacations if they have kids or during the Durga Puja or the Christmas-New year's times.

I went to Kashmir last year. The natural beauty made me feel like I'm in kashmir but the people around made me feel like I'm in Bengal. Because there were so many Bengalis around me. I turn left and right, I meet a Bengali family. Even the locals could speak in Bengali there. One, because they come to sell shauls in Kolkata from ages, two, maximum tourists visit them are Bengalis. So in a way they learned the language to communicate. I was literally in a shock how the locals in Kashmir which is geographically too far from Bengal, were all flaunting their Bengali speaking skills.

There are a few places in India which is an all time favourite location for every Bengalis. Like, Puri, Kashmir, Agra, Jaipur, Kanyakumari, Shimla, Mysore, Ooty, Varanasi. An amateur Bengali traveller starts his travelling journey with these places in India.

*(Source : Quaro)*

# बालनाटक महोत्सवमा १४ वटा नाटक छनोट

काठमाडौँ/ सोह्रौँ राष्ट्रिय बालनाटक महोत्सव तथा बाल लघु चलचित्र प्रदर्शनी २०८१ का लागि १४ वटा नाटक छनोट भएका छन् । प्रदर्शनीकालागि भनी दुई दर्जन नाटक दर्ता भएका बताइएको छ । तीमध्येबाट महोत्सवमा अन्तिम मञ्चनका लागि १४ वटा छनोट गरिएका आयोजकले जनाएको छ ।




महोत्सवका संयोजक सविन न्यौपानेले प्रतियोगी तथा अप्रतियोगी नाटकको वर्गीकरण गरिएको सूचनासहित महोत्सव तालिका आगामी माघ २२ गतेभित्र प्रकाशन गरिने जानकारी दिए । महोत्सवमा होलि एञ्जल्स पब्लिक स्कुलको 'तारेभिर', सनसाइन इङ्गलिस बोर्डिङ स्कुलको 'स्याडो', आकाशगङ्गा इन्टरनेसनल स्कुलको 'रक्त पासो', दर्शना स्कुलको 'को चोर', हिले माध्यमिक विद्यालयको 'अभागी आरन' र भेलोसिटी स्कुलको 'तुलसी' छनौटमा परेका हुन् । यसैगरी समृद्धि स्कुलको 'देउकी' र 'द अलकेमिष्ट', मृगशिरा वोर्ल्ड स्कुलको 'लौरो', काठमाडौँ प्रज्ञा कुञ्ज स्कुलको 'खेल्ने बेला', युनाइटेड युनिभर्सल स्कुलको 'पढ्न त मन लाग्छ', पिक प्वाइन्ट एजुकेसन नेटवर्कको 'यशस्वी भवः', वेष्ट प्वाइन्ट आवासीय माध्यमिक विद्यालयको 'रमेशको आशाको त्यान्द्रो राजु' र शैली थिएटरको प्रस्तुत एउटा नाटक छनोट भएका जनाइएको छ ।

महोत्सवमा प्रदर्शनी हुने बाल लघु चलचित्रहरूका लागि अर्को सूचना प्रकाशन गरिने आयोजक संस्थाले जनाएको छ । फाल्गुन १ गतेदेखि शुरु भएर फाल्गुन ७ गते रातोपुलस्थित शैली थिएटर तथा कमलपोखरीस्थित रुसी सदन (रुसी सांस्कृति तथा विज्ञान केन्द्र) मा १६औँ राष्ट्रिय बाल नाटक महोत्सव तथा बाल लघु चलचित्र प्रदर्शनी हुने कार्यक्रम छ ।

# ट्रम्प सरकारको पहिलो दिन ३०८ आप्रवासी पक्राउ

न्युयोर्क। अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले राष्ट्रपतिको कार्यभार सम्हालेको पहिलो दिन अध्यागमन तथा भन्सार प्रवर्तन (आईसीई) ले ३०८ अवैध आप्रवासीलाई पक्राउ गरेको छ। न्युयोर्क पोस्टका अनुसार सीमा सुरक्षा अधिकारी टम होमनले यो खुलासा गरेका छन्। देशका विभिन्न भागबाट यस्ता अबैध आप्रवासी पक्राउ परेका हुन्। यी गैरकानुनी आप्रवासीहरू अधिकांश अपराधी रहेको जनाइएको छ। तीमध्ये केहीलाई अपहरण, हत्या र बलात्कारको आरोपसमेत रहेको छ।

होमनले भने-अध्यागमन अधिकारीहरूले देशका लागि खतरा हुने अवैध आप्रवासीहरूलाई पक्राउ गर्न थालेका छन्। उनीहरुको जनसंख्या ७ लाखभन्दा बढी रहेको छ, जो पक्राउ गर्नका लागि छापामारी सुरू भएको छ।' रिपोर्टका अनुसार ट्रम्पको सपथ लगत्तै अमेरिकाका धेरै राज्यहरूमा छापा मार्ने काम सुरू भइसकेको छ र आप्रवासीहरूसँग ठूलो मात्रामा सोधपुछ भइरहेको छ। राष्ट्रपति चुनाव जितेको केही दिनपछि ट्रम्पले पूर्व अध्यागमन तथा भन्सार प्रवर्तन ( आईसीई) प्रमुख टम होमनलाई 'बोर्डर जार' नियुक्त गरेका थिए।

होमनले गत हप्ता घोषणा गरेका थिए कि ट्रम्पको शपथको भोलिपल्ट देखि नै कागजातविहीन आप्रवासीहरूको व्यापक राष्ट्रव्यापी खोज र गिरफ्तारी सुरु गर्नेछन्, नभन्दै अहिले अमेरिकामा छापामारी र सोधपुछ सुरू भएको छ। सोमबार सपथ लिएपछि ट्रम्पले धेरै कार्यकारी आदेशमा हस्ताक्षर गरेका छन्। जसमध्ये अवैध आप्रवासीलाई प्रवेशमा रोक लगाउने र सीमामा सुरक्षा व्यवस्था कडा पार्ने जस्ता आदेश थिए। सपथका बेला पनि ट्रम्पले अवैध आप्रवासीलाई अमेरिकाबाट निष्कासन गर्ने कुरा गरेका थिए। उनले चाँडै नै अमेरिकी इतिहासको सबैभन्दा ठूलो निर्वासन अभियान सुरु हुने बताएका थिए। प्यू रिसर्च सेन्टरका अनुसार अमेरिकामा विश्वमा सबैभन्दा धेरै आप्रवासी छन्। विश्वका कुल आप्रवासीहरूमध्ये २० प्रतिशत अमेरिकामा मात्रै बस्छन्। सन् २०२३ सम्ममा यहाँ बसोबास गर्ने आप्रवासीको कुल संख्या ४.७८ करोड थियो। अन्य देशका मानिसहरु गैरकानुनी रुपमा अमेरिका प्रवेश गरेर अपराध गर्ने ट्रम्पको विश्वास छ। त्यसैले उनी तिनिहरुलाई देश निकाला गराउन चाहन्छन्।


## गम्भीर बहादुर हाडाको
## बृहस्पति पुस्तक प्रकाशनबाट प्रकाशित पुस्तकहरु

- गम्भीर बहादुर हाडा, अर्थशास्त्र शिक्षण विधि (Method of Teaching Economics), त्रि.वि.शिक्षाशास्त्र सङ्काय अन्तर्गत बि.एड. तेस्रो वर्ष Eco.Ed. 432 तथा 439 को पाठ्यक्रममा आधारित A Complete Reference Book with T.U. Solution, बि.एड.तेस्रो वर्ष, बृहस्पति पुस्तक प्रकाशन प्रा.लि. २०७९/८०, काठमाडौं, नेपाल ।
- गम्भीर बहादुर हाडा, शिक्षाको अर्थशास्त्र (Economics of Education), त्रि.वि.शिक्षाशास्त्र सङ्काय अन्तर्गत चार वर्षे बि.एड्. दोस्रो वर्ष Eco.Ed. 424 को नयाँ पाठ्यक्रममा आधारित A Complete T.U. Reference Book, बि.एड. दोस्रो वर्ष, बृहस्पति पुस्तक प्रकाशन प्रा.लि. २०८०/८१, काठमाडौं, नेपाल ।
- गम्भीर बहादुर हाडा, बृहत अर्थशास्त्र (Macro Economics), त्रि.वि.मानविकी तथा सामाजिकशास्त्र सङ्काय अन्तर्गत चार वर्षे बि.ए. दोस्रो वर्षको Eco- 423 को नयाँ पाठ्यक्रममा आधारित A Complete Reference Book with T.U.Solution, बि.एड. दोस्रो वर्ष, बृहस्पति पुस्तक प्रकाशन प्रा.लि. २०७९/८०, काठमाडौं, नेपाल ।
- गम्भीर बहादुर हाडा, व्यवस्थापकीय अर्थशास्त्र र अर्थशास्त्र शिक्षामा अनुसन्धान (Managerial Economics & Research in Economic Education), त्रि.वि.शिक्षाशास्त्र सङ्काय अन्तर्गत बि.एड्. चौथो वर्ष Eco Ed. 445 को पाठ्यक्रममा आधारित A Complete Reference Book with T.U.Solutions, बि.एड. चौथो वर्ष, बृहस्पति पुस्तक प्रकाशन प्रा.लि. २०८०/८१, काठमाडौं, नेपाल ।
- गम्भीर बहादुर हाडा, आर्थिक विश्लेषण (Economic Analysis), त्रि.वि.शिक्षाशास्त्र सङ्काय अन्तर्गत बि.एड्. प्रथम वर्ष Eco Ed. 416 तथा 418 को पाठ्यक्रममा आधारित A Complete Reference Book with T.U.Solutions, बि.एड. प्रथम वर्ष, बृहस्पति पुस्तक प्रकाशन प्रा.लि. २०८०/८१, काठमाडौं, नेपाल ।
- गम्भीर बहादुर हाडा, विकास अर्थशास्त्र र नेपालको अर्थशास्त्र (Development Economics & Nepalese Economics), त्रि.वि.मानविकी तथा सामाजिकशास्त्र सङ्काय अन्तर्गत बि.ए. तेस्रो वर्ष Eco 314 को पाठ्यक्रममा आधारित A Complete Reference Book with T.U.Solutions, बि.ए. तेस्रो वर्ष, बृहस्पति पुस्तक प्रकाशन प्रा.लि. २०७५, काठमाडौं, नेपाल ।
- गम्भीर बहादुर हाडा, सम्यक पोखरेल, आधुनिक अर्थशास्त्र (Modern Economics), Completely Based on HSEB Economics Curriculum (A Complete Reference Book with HSEB/NEB Solutions, बृहस्पति पुस्तक प्रकाशन प्रा.लि. २०७६, काठमाडौं, नेपाल ।
- गम्भीर बहादुर हाडा, नेपालको अर्थव्यवस्था (Nepalese Economy), त्रि.वि.शिक्षाशास्त्र सङ्काय अन्तर्गत चार वर्षे बि.एड्. दोस्रो वर्ष Eco Ed. 422 तथा 428 को नयाँ पाठ्यक्रममा आधारित With Model Questions & Solutions, बि.एड. दोस्रो वर्ष, बृहस्पति पुस्तक प्रकाशन प्रा.लि. २०८०/८१, काठमाडौं, नेपाल ।
- गम्भीर बहादुर हाडा, सार्वजनिक वित्त (Public Finance), त्रि.वि. मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत चार वर्षे बि.ए.तेस्रो वर्ष Eco 425 को पाठ्यक्रममा आधारित A Complete Reference Book with T.U.Solutions, बि.ए. तेस्रो वर्ष, बृहस्पति पुस्तक प्रकाशन प्रा.लि. २०८०/८१, काठमाडौं, नेपाल ।
- गम्भीर बहादुर हाडा, अन्तर्राष्ट्रिय अर्थशास्त्र (International Economics), त्रि.वि. शिक्षाशास्त्र सङ्काय अन्तर्गत बि.एड्.तेस्रो वर्ष Eco.Ed.434 को पाठ्यक्रममा आधारित A Complete Reference Book with T.U.Solutions, बि.ए. तेस्रो वर्ष, बृहस्पति पुस्तक प्रकाशन प्रा.लि. २०८०/८१, काठमाडौं, नेपाल ।
- गम्भीर बहादुर हाडा, सार्वजनिक वित्त, वित्तीय व्यवस्था र अन्तर्राष्ट्रिय व्यापार (Public Finance, Financial System & International Trade), त्रि.वि. मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत बि.ए.तेस्रो वर्ष Eco -314 को पाठ्यक्रममा आधारित A Complete Reference Book with T.U.Solutions, बि.ए. तेस्रो वर्ष, बृहस्पति पुस्तक प्रकाशन प्रा.लि. २०७८/७९, काठमाडौं, नेपाल ।
- गम्भीर बहादुर हाडा, शिक्षाको अर्थशास्त्र (Economics of Education), त्रि.वि. शिक्षा शास्त्र सङ्काय अन्तर्गत चार वर्षे बि.एड्.दोस्रो वर्ष Eco. Ed. 424 को नयाँ पाठ्यक्रममा आधारित A Complete Reference Book with T.U.Solutions, बि.ए. तेस्रो वर्ष, बृहस्पति पुस्तक प्रकाशन प्रा.लि. २०८०/८१, काठमाडौं, नेपाल ।
- गम्भीर बहादुर हाडा, विकास र योजनाको अर्थशास्त्र (Economics of Development & Planning), त्रि.वि. शिक्षाशास्त्र सङ्काय अन्तर्गत बि.एड्.दोस्रो वर्ष Eco.Ed. 423 को पाठ्यक्रममा आधारित A Complete Reference Book with T.U.Solutions, बि.ए. तेस्रो वर्ष, बृहस्पति पुस्तक प्रकाशन प्रा.लि. २०७९/८०, काठमाडौं, नेपाल ।
- गम्भीर बहादुर हाडा, अर्थशास्त्र, पाठ्यक्रम विकास केन्द्रद्वारा जारी अर्थशास्त्र (३०४) को नयाँ पाठ्यक्रममा आधारित A Complete NEB Reference Book on, बृहस्पति पुस्तक प्रकाशन प्रा.लि., कक्षा १२, २०८०/८१, काठमाडौं, नेपाल ।
- गम्भीर बहादुर हाडा, मुद्रा, वित्तीय प्रणाली र अन्तर्राष्ट्रिय व्यापार (Money, Financial System & International Trade), त्रि.वि. मानविकी तथा सामाजिकशास्त्र सङ्काय अन्तर्गत चार वर्षे बि.ए.चौथो वर्ष Eco. 426 को नयाँ पाठ्यक्रममा आधारित A Complete Reference Book with T.U.Solutions, बि.ए. चौथो वर्ष, बृहस्पति पुस्तक प्रकाशन प्रा.लि. २०८०/८१, काठमाडौं, नेपाल ।
- गम्भीर बहादुर हाडा, विकास अर्थशास्त्र, योजना र नेपालको अर्थशास्त्र (Development Economics, Planning and the Economy of Nepal), त्रि.वि. मानविकी तथा सामाजिकशास्त्र सङ्काय अन्तर्गत चार वर्षे बि.ए.दोस्रो वर्ष Eco 424 को पाठ्यक्रममा आधारित A Complete Reference Book with T.U.Solutions, बि.ए. दोस्रो वर्ष, बृहस्पति पुस्तक प्रकाशन प्रा.लि. २०७९/८०, काठमाडौं, नेपाल ।
- गम्भीर बहादुर हाडा, अनुसन्धान पद्धति र प्राज्ञिक लेखन (Research Methodology & Academic Writing), त्रि.वि. मानविकी तथा सामाजिकशास्त्र सङ्काय अन्तर्गत चार वर्षे बि.ए.चौथो वर्ष Eco. 427 को नयाँ पाठ्यक्रममा आधारित A Complete Reference Book with T.U.Solutions, बि.ए. चौथो वर्ष, बृहस्पति पुस्तक प्रकाशन प्रा.लि. २०८०/८१, काठमाडौं, नेपाल ।
- गम्भीर बहादुर हाडा, सार्वजनिक वित्त (Public Finance), त्रि.वि. मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत चार वर्षे बि.ए.तेस्रो वर्ष Eco 425 को पाठ्यक्रममा आधारित A Complete Reference Book with T.U.Solutions, बि.ए. तेस्रो वर्ष, बृहस्पति पुस्तक प्रकाशन प्रा.लि. २०८०/८१, काठमाडौं, नेपाल ।
- गम्भीर बहादुर हाडा, सरकारी वित्त र वित्तिय प्रणाली (Government Finance & Financial System), त्रि.वि. शिक्षाशास्त्र सङ्काय अन्तर्गत बि.एड्.तेस्रो वर्ष Eco.Ed. 433 को पाठ्यक्रममा आधारित A Complete Reference Book with T.U.Solutions, बि.एड. तेस्रो वर्ष, बृहस्पति पुस्तक प्रकाशन प्रा.लि. २०८०/८१, काठमाडौं, नेपाल ।



## विदेशमा रहेका विद्यार्थीका अभिभावकलाई जानकारी

**तपाईका सन्तान विदेशमा पढ्दैछन् ?**
**तपाईका सन्तान विदेशमा पढ्न जाँदैछन् ?**
**तपाई आफ्ना सन्तानलाई विदेशमा पढाउन लागि रहनु भएको छ ?**

यदि माथिको कुनै पनि अवस्थामा तपाईहरु हुनुहुन्छ भने नेपालमा रहेका आमाबुबा वा अभिभावकका लागि भनी नेपालमा संस्था (मुनाफा वितरण नगर्ने कम्पनी) खोलिएको छ। तपाईहरु पनि जोडिएर सहकार्य गर्न सक्नुहुनेछ।

त्यसका लागि

**सम्पर्क नं.९८१८६७००८८ (अध्यक्ष)**

**इन्टरनेशनल स्टुडेन्स प्यारेन्ट वेलफेयर सेन्टर नेपाल**

**काठमाडौं-११, बबरमहल**




लोकतन्त्रप्रति पूर्ण समर्पित
साप्ताहिक
नयाँ विमर्श
Naya Bimarsha Weekly

## ‘वाह रे जमुना’ को म्युजिक भिडियो

काठमाडौं/ नेपाली संगीतमा निरन्तर क्रियाशील गायक रवि सुवेदीको नयाँ गीत ‘वाह रे जमुना’को म्युजिक भिडियो सार्वजनिक भएको छ। शंकर ज्वालाको शब्द र विकास चौधरीको संगीतमा यो गीत तयार गरिएको हो। यस गीतको संगीत संयोजन




संजय हमालले गरेका छन् ।अमेरिकामा बसोबास गर्दै आएका सुवेदी गायनमा क्रियाशील रहँदै आएका छन् ।

गीत देउडा लोक भाकामा तयार गरिएको जनाइएको छ ।यसमा गायक सुवेदीले आफ्नो प्रेमिकालाई माया सागरमा सयर गराउन आग्रह गरेका छन्। गीतमा प्रेमका भावनाहरूलाई सुन्दर शब्दमा प्रस्तुत गरिएको छ, जसमा प्रेमिकासँग जीवन बिताउने इच्छा व्यक्त गरिएको छ ।म्युजिक भिडियोलाई शिव ढकालले छायांकन गरेका छन् ।यसलाई विनोद बमले सम्पादन गरेका छन् । कमल राईको कोरियोग्राफी र निर्देशनमा तयार गरिएको यो भिडियोमा गायक रवि सुवेदी र नायिका रचना शिवाकोटीको अभिनय र नृत्य प्रमुख आकर्षण बनेको छ ।

## प्रहरीको प्रवक्तामा चन्द

काठमाडौं/ जिल्ला प्रहरी परिसर काठमाडौंको प्रवक्ताको जिम्मेवारी प्रहरी नायब उपरीक्षक (डीएसपी) पूर्णिमाकुमारी चन्दलाई दिइएको छ ।परिसरका प्रमुख एसएसपी वसन्त रजौरेले बुधबार एक सूचना जारी गर्दै सो कुरा सार्वजनिक गरेका हुन् ।



यसअघि प्रवक्तामा नवराज अधिकारी रहेका थिए । उनको एसएसपीमा बढुवा भएर बुधबार नै दर्ज्यानी चिन्ह लगाएकाले रिक्त स्थानमा चन्दलाई पूर्ति गरिएको हो । चन्द प्रहरी वृत्त स्वयम्भूमा काम गरेर केही समयअघि मात्रै परिसरमा सरुवा भएकी थिइन् ।

## अखिल क्रान्तिकारी चुनावमा

काठमाडौँ/ अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन (क्रान्तिकारी) केन्द्रीय पदाधिकारीहरूको लागि उम्मेदवारहरूको प्रारम्भिक नामावली प्रकाशित गरिएको छ ।निर्वाचन समितिको कार्यालयले सो सङ्गठनका केन्द्रीय पदाधिकारी, सचिवालय सदस्य, केन्द्रीय आयोगका पदाधिकारी तथा सदस्यहरूका उम्मेदवारहरूको प्रारम्भिक नामावली प्रकाशित गरेको हो ।

उक्त नामावली डब्लु डब्लु डट इलेक्सन डट अखिल डट ओरजी www.election.akhilr.org मा हेर्न सकिने भनी जनाइएको छ। सो संगठनको २३ औं सम्मेलनबाट नयाँ नेतृत्वको लागि माघ १२ गते निर्वाचन हुँदैछ।

## गीताका ‘कलमका डोबहरु’

काठमाडौं/ सञ्चारकर्मी तथा गीतकार गीता अधिकारीको आलेखसंग्रह ‘मेरा कलमका डोबहरू’ लोकार्पण गरिएको छ।

मंगलबार काठमाडौंमा एक विशेष समारोहबीच नेपाली चलचित्र क्षेत्रको प्रथम नायिकाद्वय चैत्यदेवी सिंह र भुवन चन्दको प्रमुख आतिथ्यतामा लोकार्पण गरिएको हो। यसअघि ‘मैले पढेका ५१ पुस्तक’ पाठकमाझ ल्याएकी अधिकारीले आफ्नो जन्म दिनको अवसर पारेर ‘मेरा कलमका डोबहरू’ पाठकमाझ ल्याएकी हुन्।



कलाकार उत्तम के.सी.को सभापतित्वमा भएको कार्यक्रममा प्रमुख अतिथिद्वय लय संग्रौला, अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज (अनेसास)का पूर्वअध्यक्ष एवं नेपाली साहित्य पत्रकार संघका अध्यक्ष राधेश्याम लेकाली रहेका थिए। यसैगरीसंगीतकार राजु सिंह, गीतकार संघका अध्यक्ष वसन्त वित्यासी थापा, गीतकार संघका पूर्वअध्यक्ष चूडामणि देवकोटा, गीतकार एवं वरिष्ठ रंग पत्रकार शान्तिप्रिय, वरिष्ठ गीतकार अमर वान्तु, नेपाल पत्रकार महासंघ काठमाडौं शाखा अध्यक्ष शोभा अर्याललगायतले सो अवसरमा बधाइ ज्ञापन गरेका थिए।

कार्यक्रममा कृतिकार अधिकारीले आफूले विभिन्न समयमा मिलाप मासिकका साथै विभिन्न पत्र पत्रिकामा प्रकाशित आलेखलाई ‘मेरा कलमका डोबहरू’मा समावेश गरेको जानकारी दिइन्। मिलाप पब्लिकेशनका अध्यक्ष कृष्ण भुसालले मिलाप मासिकको चर्चा गर्दै लेखिका अधिकारीले आफ्ना आलेखलाई दस्तावेजीकरण गरेको जानकारी दिए। गीता कला मनोरञ्जन पत्रकारिताको अलावा गीत लेखनमा पनि सक्रिय छिन्। उनका ‘यतै घमाइलो उतै घमाइलो’, ‘तीजैमा व्रत बसी’, ‘बजाउँदै चुरा’, ‘श्वास फेरी’, ‘छम्मछम्म’ जस्ता एकदर्जन जति गीत श्रोता/दर्शकमाझ आएका छन्। मिलाप पब्लिकेशन प्रा.लि.ले पाठकमाझ ल्याएको ४७७ पृष्ठको यस कृतिको मूल्य ९९९ रुपियाँ राखिएको छ।

*तस्बिर : सुरेन्द्र थापा।*

## चिकित्सकको लाइसेन्स परीक्षामा ३१ प्रतिशत मात्रै उत्तीर्ण

काठमाडौं । नेपाल मेडिकल काउन्सिलको ७१ औं नाम दर्ता (लाइसेन्स) परीक्षाको नतिजा अत्यन्त कमजोर देखिएको छ। पुलचोकस्थित नेपाल इन्जिनियरिङ अध्ययन संस्थानमा दुई दिन सञ्चालित परीक्षाको हिजो बेलुका प्रकाशित नतिजाले दुई तिहाइ बढी परीक्षार्थी अनुत्तीर्ण भएको पाइएको छ।

काउन्सिल रजिष्ट्रार डा. सतिशकुमार देवका अनुसार परीक्षामा एमबीबीएस र बीडीएसका गरी कुल ८४४ जनाले सहभागिता जनाए पनि उत्तीर्ण संख्या २६२ जना (३१.०४ प्रतिशत) मात्रै भयो। परीक्षामा सहभागी भएका मध्ये ५६२ जना अनुत्तीर्ण भए। मेडिकल तर्फ ७७० जनाले परीक्षाका लागि फारम भरे पनि १७ जना अनुपस्थित रहेका थिए। परीक्षामा ७५३ जनाले सहभागिता जनाउँदा २४१ जना (३२.०१ प्रतिशत) मात्रै उत्तीर्ण भए। यो समूहमा ७ जनाको नतिजा वीथहेल्डमा रहेको छ। यस्तै बीडीएस तर्फ कुल ९५ जनाले फारम भरे पनि परीक्षामा ४ जना अनुपस्थित रहँदा ९१ जनाले मात्रै सहभागिता जनाए। त्यसमध्ये २१ जना (२३.०८ प्रतिशत) मात्रै उत्तीर्ण भएका थिए।

लाइसेन्सिङ परीक्षामा अनुत्तीर्णको सङ्ख्या दुई तिहाइ बढी हुँदा मेडिकल तथा डेन्टल कलेजको पढाईको गुणस्तरमा समेत प्रश्न उठ्न थालेको छ।

# The Cuckoo

**P. Pilgrim**

In Nepal a good indicator that the monsoon rains are due, is the arrival of the cuckoo bird. It is believed that they make their way on the monsoon winds from Sub-Saharan Africa to Kerala in India then to the coast of Bangladesh and enter Nepal from east Nepal. The name cuckoo is onomatopoeic, which means that it is taken from the male bird's call cu-ckoo, for example, a curlew and hoopoe. As a result of their shy personality, these birds are more often heard than seen. There are more than 125 different types of cuckoos found throughout the world. The common one found in Nepal is the Pied Cuckoo which lives in forests and wooded areas, where they hide in thick vegetation. Most cuckoos eat insects, especially caterpillars. Cuckoos range in length from about 17 to 91 centimeters. Most of them are drab grey or brown. A few types have some brightly colored or glossy feathers. The cuckoo has a long tail and medium to long legs, with its outer toes pointing backward. Its bill is usually short and curves down a bit and it looks a little bit like a small bird of prey when it flies.



One of the interesting traits of many kinds of cuckoos, including the Pied cuckoo, is that it does not raise its own young. Instead, they lay eggs in the nests of other ‘host’ birds. Each female cuckoo specializes in just one host species, and lays camouflaged eggs in that bird's nest. For example, a cuckoo which lays its eggs in reed warbler nests will lay eggs that look like those of a reed warbler.

The female cuckoo spends a lot of time watching the birds at the nest where she wants to lay an egg. She has to work out the exact time to go and lay her egg while the 'host' parents are not looking. If the cuckoo lays her egg in the nest before the other bird lays, the host will notice and knows it is not her egg, and so she will get rid of it. If the cuckoo lays her egg too late, when the host has finished laying, this will be noticed, too.

When the female cuckoo thinks it is the right moment she will fly down to the host’s nest, she pushes one of her eggs out of the nest, lays her own egg and flies off. This only takes about 10 seconds. The host bird does not notice, and carries on looking after the eggs. When the cuckoo chick hatches it soon grows very fast. It pushes the other eggs or chicks out of the nest. The cuckoo chick has a huge mouth which it opens very wide. It also makes a very fast “cheeping” sound which sounds like a nest full of chicks. This makes the parents behave as if they have a nest full of their own chicks. However, what they have is a nest with two types of birds in it. One more dominant and controlling than the other, so much so that as it grows it will throw out of the nest the other chicks and the host mother bird keeps feeding it believing that it is her chick.

The holy scripture teaches that, spiritually speaking, man has two natures in one body or nest, too. In the book of Romans chapter 8 verse 5 the apostle Paul writes ‘For they that are after the flesh do mind the things of the flesh; but they that are after the Spirit the things of the Spirit.’ If man feeds the fleshly carnal nature, then it will grow and become stronger, while the spiritual nature will starve and diminish. Then in verse 6 he warns man ‘For to be carnally minded is death; but to be spiritually minded is life and peace’. By feeding the wrong nature it can have significant ramifications. I wonder reader which nature you are feeding, the fleshly carnal nature or the spiritual nature. Just like the cuckoo, one will dominate the other with serious consequences for the soul.

pilgrimway101@yahoo.com

Considering studying or working aboard?
Come to **Joy International Language Institute**
for all levels of
English and Spanish Language Classes
including **IELTS, PTE, TOEFL**
*Improve your conversation skills speaking with a native speaker.*
Gatthaghar Road (on the way to Global Pathsala School Junior Block)
Contact the Office :
974 597 9010
joylanguageinstitute@gmail.com




निर्माणका लागि हामीलाई सम्झनु होस्
कुनै पनि किसिमका निर्माण कार्य गर्नु परेमा, बाटो बनाउने, भवन निर्माण गर्ने तथा विशेष गरी विद्युतीय सबस्टेशनको निर्माण, मर्मत आदि कार्यको लागि हामीलाई सम्झनु होस्। विद्युतीय सबस्टेशनसँग सम्बन्धित कार्यहरूका लागि हाम्रो सेवा तपाईका लागि एकदमै उपयोगी र प्रभावकारी हुन सक्छ किनकि सो क्षेत्रमा हाम्रो दक्षताले गर्दा मुलुकको विद्युत विस्तारमा ठूलो योगदान मिलेको छ। त्यसैले विद्युतीय पोल बिस्तारदेखि तारहरू तान्ने कार्यहरूमा हामीले गुणस्तरीय सेवा प्रदान गर्दै आएका छौं।
‘तपाईहरूको सन्तुष्टि नै हाम्रो उपलब्धि हो’
प्रविधि कन्स्ट्रक्सन प्रा.लि.
कृष्ण नगरकोटी
काठमाडौं - ११, काठमाडौं
सम्पर्क नं. ९८४१७२५६६२

लोकतन्त्रप्रति पूर्ण समर्पित

साप्ताहिक

नयाँ विमर्श

Naya Bimarsha Weekly

## काण्डैकाण्डले

दोश्रो कार्यकाल सकिन करिव सात महिना बाँकी रहँदै मन्त्रीलाई स्पष्टीकरण चित्त नबुझे हट्न सक्ने समेत बताएका छन् । ऊर्जा आयोगको सचिवबाट ऊर्जा मन्त्रालयमा सरुवा भएका सचिव गोपाल सिग्देललाई एक डेढ महिनामै हटाएर आफ्नो स्वार्थ अनुसार चल्ने सचिव सुरेश आचार्यलाई ल्याएका मन्त्री खड्काले मन्त्रालय मातहतका विभाग र योजनाहरुमा वरिष्ठहरुलाई भन्दा आफ्ना भक्त ल्याएर सरुवा आतंक मच्चाएको जानकारी प्राप्त भएको छ ।

सेटिङ्गमा दिन लागिएका यी दुई जलविद्युतको ठेक्का प्रकृया रद्द भएको छ र संसद्को सार्वजिक लेखा समितिले मन्त्री खड्कासँग स्पष्टीकरण समेत सोध्ने भएको छ ।

अवैधानिक समिति र प्राधिकरणको मुख्य कार्यालयमा समेत कार्यालय खोली कार्यकारी निर्देशक घिसिङलाई सताउने काम मन्त्री खड्काले गर्दै आएका छन् । पछिल्लो समय १९ सय मेगावाटको मुगु-कर्णाली र किमानथान्का- अरुण ४५६ मेगावटको जल विद्युत योजनामा पाँचवटा प्रतिस्पर्धी कम्पनीहरुमध्ये कांग्रेस निकटकालाई मात्र पोष्ने प्रयत्न उनले गरेको बताइएको छ । खड्काले अरुलाई क्राइट एरियामै नपार्ने कार्य गरी काँग्रेसका सांसद एवं व्यापारी विनोद चौधरीलाई मुगु-कर्णाली र काँग्रेसकै अर्का सांसद एवं मेडिकल व्यापारी सुनिल शर्मालाई किमानथांका-अरुणको ठेक्का पारी मोटो रकम उठाएको आरोप उनीमाथि लागेको छ । मन्त्री खड्काका विरुद्ध यो प्रकरणमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा उजुरी परेको समाचार श्रोतले बताएको छ ।

## काँग्रेसमा ...

वर्तमान सरकारका शक्तिशाली गृहमन्त्री रमेश लेखक र स्वास्थ्य मन्त्री प्रदीप पौडेल अग्रपंक्तिमा रहेको काँग्रेस श्रोतले बताएको छ । त्यसबाहेक एन.पी. साउद, महेन्द्र यादव, गुरुराज घिमिरे र महालक्ष्मी उपाध्याय 'डीना' को पनि नाम चर्चामा छ । उनीहरु लेखक र पौडेल जत्तिको सशक्त एवं दमदार मानिदैनन् । अन्य नेताहरुले पनि महामन्त्रीको तयारी गरिरहेको तर नाम सार्वजनिक नगरेको समाचार श्रोतले बताएको छ ।

१४औं महाधिवेशनका महामन्त्रीद्वय गगन थापा पार्टी सभापतिमा र विश्वप्रकाश शर्मा उपसभापति बन्ने चर्चा चलेको छ । थापा र शर्मा जत्तिकै नभए पनि आकांक्षीहरुमध्येमा लेखक र पौडेल राम्रै नेताभित्र पर्दछन् । लेखक र डा. आरजु राणालाई सभापति देउवाले सुदूरपश्चिमबाट काँग्रेस नेतृत्वमा ल्याई स्थापित गर्न चाहेको राजनीतिक वृत्तमा चर्चा चलेको छ ।

## प्रचण्डको ...

मोर्चाबन्दीबाट अध्यक्ष दाहालले ओली नेतृत्वको सरकार ढल्ने शक्ति सञ्चय गरिरहेको जानकारहरुले बताएका छन् ।

यता सत्ता साझेदार दल नेपाली काँग्रेसका नेताहरु शेखर कोइराला, शशांक कोइराला, चन्द्र भण्डारी, अर्जुननरसिंह के.सी.लगायतका नेताहरु सरकारको कार्यशैलीप्रति र जनताको डेलिभरी दिन नसकेकोप्रति असन्तुष्ट बनेको समाचार श्रोतले जानकारी दिएको छ । वर्तमान सरकारप्रति साना सातवटा राजनीतिक दलहरुले मोर्चाबन्दी गरेपछि आगामी माघ १८ गतेबाट शुरु हुने हिउँदे अधिवेशन प्रभावित बन्न सक्ने चर्चा चलेको छ ।

सरकारले दुई हप्ता पनि धैर्य गर्न नसकी पाँचवटा अध्यादेशहरु ल्याएपछि चौतर्फी विवादको घेरामा परेको छ । अध्यक्ष दाहाल जसरी पनि ओली सरकार ढाल्ने रणनीतिमा जुटेको बताइएको छ ।

## अस्थिर

पुरानै घर नेकपा (माओवादी केन्द्र) तिर फर्किने बताइएको छ । उमेरले डाँडो काटीसकेका र ऊर्जाशील समय पनि सकिएका गौगतलाई एमालेमा भित्र्याएर पार्टी सशक्त बन्न नसक्ने जानकारहरुले बताएका छन् । एमालेमा आफ्नो आलोचकहरुलाई सिध्याउँदै एकछत्र राज गर्दै आइरहेका पार्टी अध्यक्ष खड्गप्रसाद शर्मा ओलीले सधैं गौतमलाई रातोकार्पेट ओछ्याएर जिम्मेवारी दिनेमा आशंका पैदा हुन थालेको छ ।

पार्टीको काममा भन्दा एमालेमा प्रवेश गरेर आगामी २०८४ को चुनावमा टिकट लिएर चुनाव जित्ने र मुलुकको प्रधानमन्त्री बन्ने सपना देखेका गौतमलाई एमालेकै अन्य नेताहरुले कसिङ्गर ठानेको जानकारहरुले बताएका छन् । अध्यक्ष ओलीले राधाकृष्ण मैनाली, सि.पी. मैनाली, माधवकुमार नेपाल, झलनाथ खनाल, घनश्याम भुसाल र डा. भीमबहादुर रावल जस्ता नेताहरुलाई किनारा लगाएको अवस्थामा नेता गौतम पनि अछुतो नरहने चर्चा चलेको छ । एमालेमा अध्यक्ष ओलीको बफादार बन्न नसकेर आँखा लगाए पुरानै इतिहास दोहोरिने बताइएको छ ।

सुदुर पश्चिममा नेता गौतम एमालेबाट अलग भएर लामो समय नेकपा राष्ट्रिय एकता अभियानका संयोजक बामदेव गौतमको सटर नचलेपछि अन्तत भै-नभै पुरानै जोई भन्ने उखानलाई चरितार्थ गर्दै नेकपा एमालेमा प्रवेशको तयारी गरेका हुन् ।

## ऋणीहरुको ...

ऋण तिर्न सक्दैन । देशको जनसंख्यामध्ये ९५ प्रतिशतले आफ्नो जायजेथो धितो राखेर बैंक तथा वित्तीय संस्थाबाट ऋण लिएका छन् । भोलि उनीहरुले ऋण तिर्न सकेनन् भने के गर्ने ? कालोसूचीमा राख्ने अनि सरकारी सेवासुविधामा रोक लगाइराख्ने ?

सरकारले जनताको समस्या बुझिदिएन् । बैंक तथा वित्तीय संस्थाले नियमकानूनको पालना गरेको छैन । फाइदा लिएर आँखा चिम्लेर ऋण प्रवाह गर्‍यो । ऋण तिर्न नसक्दा उनीहरुको सबै माध्यम बन्द गरिदियो । त्यसमा साथ दियो सरकारले । बैंकले जसोजसो भन्यो, सरकारले त्यसो त्यसो गरेको छ ।

वित्तीय संस्थाको फाइदा मात्र सरकारले हेर्ने होइन । सरकार जनताको पनि हो । उसको सबै ढोका बन्द भएपछि ऋणीले कसरी पैसा फिर्ता गर्छ ? यो त सरकारले बुझ्नुपर्ने हो । उसको कमाउने माध्यम नै भएन् भने उसले ऋण चुक्ता गर्नै सक्दैन् । वित्तीय संस्थाले सँधै मीटरब्याजमा कर्जा लगानी गरे ।

भन्ने बेला ब्याज १६ प्रतिशत, उठाउने बेला ८० प्रतिशत । तीन किस्ता नतिर्नेबित्तिकै करोड पर्ने धितो लाखमै पचाइदिन्छन् । वित्तीय संस्थाको ठगीधन्दा अति भएपछि पीडितहरुले आवाज उठाउन थालिसकेका छन् । विगतमा वित्तीय संस्थाले जे गरेपनि पीडितहरु मुखमा बुझो लगाएर बसेका थिए । उनीहरु चुपचाप सहन बाध्य थिए । वित्तीय संस्थाका कारण धेरैले आत्महत्या गरे । वित्तीय संस्थामाथि कुनै कारबाही भएन । उल्टै सरकार उनीहरुकै भलो हुने ऐनकानून बनाउँदै गयो । भनिन्छ नि,'अतिले खति गर्छ ।' वित्तीय संस्थाको दादागिरी अति भएपछि पीडितहरु बोल्न थालेका छन् ।

सडकमा उत्रिन शुरु गरेका छन् । आफूले खाएको नदेख्ने वित्तीय संस्थाले ऋणीलाई जसरी हुन्छ नझ्याउँछ । पत्रिकामा तस्वीर निकालेर र घरको द्वारमा सूचना टाँसेर बद्नाम गरिदिने । आफन्तको अगाडि उसलाई नझ्याइदिने । अनि राज्यबाट पाउने सेवासुविधा रोकिदिने । चारैतिरबाट घेरिएपछि मान्छेले के गरोस् ?

उसले बाध्य भएर आफ्नो धितो छोडिदिन्छ । बैंकले करोडौंको धितो लाखमा खाएर ऋणीलाई सडकछाप बनाइदिन्छ । सरकारले कालोसूचीमा राख्ने कार्य हटाउनुपर्‍यो । कुन व्यक्ति कालोसूचीमा परेपछि उसलाई मानसिक तनाव हुन्छ । उसले केही गर्नै सक्दैन । उसले काम गर्न छोडेपछि उसको परिवारको बिचल्ली हुन्छ ।

तनाव सहन नसकेर उसले या उसको परिवारले आत्महत्या गर्न सक्छ । त्यतिबेला को जिम्मेवार हुन्छ ? ऋण उठाउनका लागि ऋणीलाई मर्न बाध्य बनाउन मिल्छ ? एउटा नागरिक बनाउन राज्यको कति लगानी लागेको हुन्छ ? उसको परिवारले कति दुःख गरेको हुन्छ ।

अनि बैंक तथा वित्तीय संस्थाको तनावमा कारण उसले केही गर्‍यो भने परिवारलाई त क्षति हुन्छ नै । राज्यले गरेको लगानीपनि बालुवामा पानी हुन्छ । हरेक नागरिकको गोपनीयता हुन्छ । नेपालको संविधानले हरेक नागरिकको बाँच्ने अधिकार सुनिश्चित गरेको छ ।

ऊ स्वतन्त्र भएर इज्जतका साथ हिँड्न पाउँछ । उसको हकअधिकारमा अंकुशे लगाउने अधिकार बैंक तथा वित्तीय संस्थालाई किन दिएको ? बैंक तथा वित्तीय संस्था संविधानभन्दा माथि हो ? कुनै आपराधिक क्रियाकलापमा पक्राउ परेका व्यक्तिको तस्वीर हाल्दा त आँखा छोप्नुपर्छ ।पूरै अनुहार देखाएर तस्वीर हाल्न मिल्दैन । कुनै व्यक्तिको तस्वीर खिच्नका लागि पहिले अनुमति लिनुपर्छ । बैंक तथा वित्तीय संस्था देशको कानूनभन्दा माथि हो ? ऋणीले धितो राख्यो, ऋण लियो । ऋण तिर्न नसकेपछि कानूनअनुसार धितो लिलामतर्फ गइहाले भइहाल्यो । तस्वीर निकालेर उसको इज्जत उछालिरहन आवश्यक छैन ।

इज्जतमा दाग लागेपछि समाजमा बाँच्न कति गाह्रो हुन्छ भन्ने त सबैले बुझेकै छौं । यसमा सञ्चारमाध्यम पनि जिम्मेवार भइदिनुपर्‍यो । तस्वीर आएको छ भने नहालिदिने । तीनपुस्ते राख्ने, तस्वीर नहाल्ने । बैंक तथा वित्तीय संस्थाले राज्य र सञ्चारमाध्यमलाई भर्याङ बनाएर ऋणीहरुलाई तर्साइरहेका छन् ।

त्यसैले सरकार र सञ्चारमाध्यम नै चनाखो हुन आवश्यक छ । दैनिक पत्रिकाहरुमा अहिलेपनि छ्याप्छ्याप्ती ऋणीहरुको तस्वीरसहित तीनपुस्ते देखिन्छ । राष्ट्र बैंकले तस्वीरसहित छाप्न पाइँदैन् भनिरहेको छ तर बैंकले तस्वीरसहित पठाउँछ, सञ्चारमाध्यम सोच्दै नसोचिकन हाल्छ ।

ऋणीलाई ऋण तिर्न सहज माध्यम बनाइदिऊँ । ब्याज घटाएर हुन्छ कि उसलाई अन्य माध्यम खोलिदिएर हुन्छ कि । ऋणीहरु जताबाट पनि पीडित बनिरहेका छन् । बैंक तथा वित्तीय संस्थाले पीडा दिने, राज्य र सञ्चारमाध्यमले त्यसमा साथ । दुई करोडको घरजग्गा बैंकले ५० लाखमा खाइदिएपछि एक महिलाले आफ्नो सन्तानसहित आफूमाथि पेट्रोल खन्याइन् ।

प्रहरीले रोक्यो । नत्र ती महिलाले आफूसहित आफ्नो सन्तानको जिन्दगी सखाप बनाउँथिन् । जनतालाई मर्नुपर्ने बाध्यता बनाउने त्यो बैंकलाई कारबाही हुनुपर्छ कि पर्दैन? कसैको दुई करोडको सम्पत्ति ५० लाखमा खान मिल्छ ? भक्तपुरको ठिमीमा केही वर्षअघि अति नै अप्रिय घटना भयो ।तीन करोड पर्ने घर बैंकले एक करोडमा लिलाम गरेपछि उसले आफ्नो परिवार नै सखाप पार्‍यो । यस्ता उदाहरण कति छन् कति । तर, राज्य टुलुटुलु रमिता हेरेर बस्छ । राज्य बैंक तथा वित्तीय संस्थालाई जे गर्नपनि छुट दिने र सञ्चारमाध्यमहरु पनि मौनता साँधेर बस्ने हो भने धेरै सुकुम्बासी बन्छन् ।

बैंक तथा वित्तीय संस्थाकै कारणले धेरैले आत्महत्याको बाटो रोज्छन् । राजनीतिक दलहरुको यसतर्फ ध्यान जाओस् । 'सानालाई ऐन, ठूलालाई चैन' को अवस्था नबनोस् ।

## महर ...

बढाउन भनी परमादेश जारी गरेको हो । न्यायाधीशद्वय ब्रजेशकुमार प्याकुरेल र कृष्णराम कोइरालाको इजलासले जाहेरी लिएर अनुसन्धान अघि बढाउन प्रहरी र सरकारी वकीललाई परमादेश जारी गरे पनि अन्य दुईवटा रिट भने खारेज भएका छन्।

अदालतको आदेशपछि अब प्रहरीले महरविरुद्ध उजुरी लिन र अनुसन्धान गर्न बाध्य हुने भएको बताइएको छ । अखिलका पूर्वअध्यक्ष महरलाई पार्टीले पनि यही आरोपमा निलम्बन गरेको अवस्था छ।

आफूमाथि पटकपटक यौन शोषण भएको तर प्रतिवादीले कुनै जिम्मेवारी नलिई निरन्तर प्रताडित गर्दै आएको भन्दै उजुरी लिएर पीडित महिला एमालेका अध्यक्ष खड्गप्रसाद शर्मा ओली र अन्य सम्बन्धित निकायमा धाएकी थिइन् ।कतैबाट सुनुवाइ नभएपछि उनी माइतीघर मण्डलामा धर्नासमेत बसेकी थिइन्।

## कांग्रेसको ...

चितवनका विजय भुसाल, नवलपरासीका राधेश्याम पाठक र सुनसरीका ब्रह्मप्रकाश रौनियार रहेका छन् । यसैगरी धनुषाका मेघनाथ यादव, कैलालीका झनकराज तिमिल्सिना, कालिकोटका भीमबहादुर शाही, काभ्रेपलाञ्चोकका जीतबहादुर लामा र नवलपुरका सन्तोष कोइरालालाई पनि सदस्यमा मनोनीत गरिएको छ ।

देउवाले काँग्रेसको विधान, २०१७ (संशोधनसहित) को धारा २५ (९) बमोजिम सदस्य मनोनयन गरेको पार्टीका मुख्यसचिव कृष्णप्रसाद पौडेलद्वारा जारी विज्ञप्तिमा उल्लेख छ ।

## दलहरु ...

चासोका साथ हेरिएको छ । त्यसो त देउवाले आफू उम्मेदवार नबन्ने घोषणा गर्दै विधान अनुसार उम्मेदवारी दिन कसैलाई नरोकिने अवस्था रहेको बताउने गरेका छन् । उनले अहिले आफूले अभिभावकको भूमिका निर्वाह गरिरहेको अवस्थामा कांग्रेसका सबै नेता कार्यकर्ता आफ्ना लागि समान अवस्थामा रहेका भन्ने गरेका छन् ।

पदीय हिसाबले देउवाका कुरा सहज मानिए पनि उनी भित्री रुपमा आफ्नो उत्तराधिकारीको खोजीमा रहेको स्रोतको दाबी छ । देउवाले आफूपछि आफ्नो छोरालाई राजनीति र पदमा खासै चासो नभएको भनी बताउने गरेका छन् । त्यस्तो अवस्थामा देउवाको आशीर्वाद पाउनका लागि लालाहित हुनेहरुको संख्या कांग्रेसमा ठूलो छ ।

कांग्रेसमा खासगरी पूर्णबहादुर खड्काले देउवाको आशीर्वाद चाहिरहेका छन् । यसैगरी देउवाकी पत्नी आरजु राणाले पनि सभापति नै नखोजे पनि उपसभापतिको अपेक्षा गरेको बताइन्छ । त्यसैले पनि देउवा आफ्नो अनुकुलको सभापति र उपसभापतिमा पत्नी आरजुलाई स्थापित गराउन चाहिरहेका छन् । यसका लागि उपयुक्त पात्र र अवसरको खोजीमा देउवा रहेका बताइएको छ ।

उता, सभापतिमा देउवाको समेत समर्थन लिएर आफू बन्ने सोचका साथ महामन्त्री गगन थापा लागिपरेका छन् । यसअघिको महाधिवेशनमा गगनले सभापतिमा साथ दिएका शेखर कोइराला यस पटक पनि उम्मेदवार बन्ने दौडमा लागेका छन् । कोइरालाको चाह थापाको समेत साथ होस् भन्ने रहेको छ । उता, थापा भने अघिल्लो महाधिवेशनमा कोइरालाले 'एक पटक र अन्तिम पटक' भनी सभापतिको लागि आफूलाई समर्थन गर्न भनेकाले यस पटक थापालाई सहयोग गर्नुपर्ने भन्ने कुरा पनि उठिरहेको छ ।

उता, देउवा पक्षधरहरु थापालाई देउवाको साथ रहे अरु विकल्पको खोजीमा लाग्ने सोचका साथ लागिरहेको अवस्था छ । यसरी सभापति पदमा मात्र नभई महामन्त्रीका लागि पनि कांग्रेसमा विभिन्न खाले प्रतिस्पर्धा हुने अवस्था देखिएको छ ।

यसैगरी दोस्रो ठूलो दल नेकपा (एमाले) पनि आन्तरिक कलहमा रुमलिन पुगेको छ । खासगरी अध्यक्ष खड्गप्रसाद शर्मा ओलीको बोली र व्यवहारका कारण एमालेमा पनि समस्या उत्पन्न भैरहेका छन् । ओलीले विवादास्पद व्यापारीबाट पार्टीका लागि भनी जग्गादान लिने निर्णय गरेकोमा आपत्ति जनाउनेहरुलाई कारबाही गरेको कुरालाई एमालेजनले पचाउन सकिरहेका छैनन् । यसैगरी आफ्ना विरुद्ध प्रतिस्पर्धा गरेकै कारण भीमबहादुर रावलमाथि दलको साधारण सदस्य समेत नरहने गरी कारबाही गरिएको घटनालाई पनि एमालेका इमान्दार कार्यकर्ताले सही रुपमा लिन सकेका छैनन् ।

रावललाई पार्टीबाट अलग गराउँदा पार्टीमा आफ्नो विरोधमा आवाज नउठ्ने सोचमा ओली रहेका छन् । सोही कारण पनि उनी कुनै पनि निर्णयबाट पछि हट्ने पक्षमा देखिएका छैनन् । यस्तो अवस्थामा रावलले भने छुट्टै अभियान संचालन गर्न थालेका छन् । रावलले अहिले पूर्वदेखि सुदूर पश्चिमसम्मको यात्रा तय गरिसकेका छन् । रावलका कारण कर्णाली र सुदूर पश्चिम प्रदेशमा एमालेका नेता कार्यकर्ताहरुले एमाले छोड्ने क्रम बढेको छ ।

यसैगरी जग्गादान प्रकरणमा कारबाहीमा परेका विन्दा पाण्डे र उषाकिरण तिम्सिनाको कारबाही फिर्ता गरिनुपर्छ भन्ने आवाज एमालेमा उठिरहेको छ । त्यसलाई सम्बोधन गर्नुभन्दा अरुलाई समेत कारबाही प्रक्रिया अघि बढाएर ओलीले भने आफ्नो दलमा आफ्नो निर्णय विरुद्ध कोही बोल्न पाउँदैनन् भन्ने भाष्य विकास गर्न चाहिरहेका छन् ।

ओलीले प्रतिनिधि सभा र राष्ट्रिय सभामा भएको हालको संख्याका कारण संविधान संशोधनका लागि आगामी २०८७ सालसम्म कुर्नुपर्ने भन्ने कुरा गरेकाले यो बोली उनकालागि प्रत्यत्पादक बन्न पुगेको छ । यो भनाई कांग्रेससँगको सहकार्यका बेला गरिएको सात बुँदे सहमतिभन्दा पृथक रहेको भन्ने कुरा कांग्रेसका नेताहरुले गर्न थालेका छन् । यसैगरी ओलीले बोली फेर्दै गएमा त्यसले सरकार संचालनमा समस्या पार्ने भनी कांग्रेसका नेताहरुले भन्ने गरेका छन् ।

उता, ठूलो परिवर्तन गर्ने भन्ने नारा दिएर राजनीतिमा आएका राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछाने अहिले विभिन्न जिल्ला अदालतमा हाजिर हुनमा व्यस्त देखिएका छन् । करिब तीन महिना कास्की जिल्ला अदालतको आदेश बमोजिम कास्कीमा प्रहरीको हिरासतमा रहेका लामिछानेलाई त्यो बेला सरकारी खर्चमा विभिन्न जिल्ला अदालतमा हाजिर गराइएको थियो ।

अहिले उनी धरौटी बुझाउँदै आफ्नै खर्चमा विभिन्न जिल्ला अदालतमा पुगी आफ्नो प्रतिरक्षा गर्न लागि परेका छन् । रुपन्देही जिल्ला अदातलमा उनको बारेमा हिजो विहीबार पनि थुनछेक बहस भयो । कास्की र काठमाडौंमा धरौटीमा छुटेका उनका बारेमा अन्य अदालतले के कस्तो आदेश दिने हुन् भनी प्रतिक्षा गरिरहिएको अवस्था छ ।

## साताको राशिफल

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ)** अर्थ उपार्जनका विभिन्न स्रोतहरु जुट्ने हुनाले पछिसम्म आम्दानी हुने व्यवसायमा लगानी बढाउन सकिनेछ । परिवारका साथ रहेर मिष्टान्न भोजन लिने अवसर मिल्नेछ । तपाईंले शुरु गर्नुभएको कामको दाजुभाइ तथा छिमेकीबाट उच्च मूल्याङ्कन हुने ग्रहयोग रहेकोछ । व्यापार, उद्योग र शेयर बजारबाट भनेजस्तो नाफा कमाउन सकिनेछ । छोटो तथा रमाइलो व्यावसायिक यात्रा तय हुनेछ । आफ्नो प्रिय पात्रलाई आफ्नै वरिपरी देख्न पाउदा मन प्रशन्न रहनेछ । विवादित विषयहरुको नतिजा तपाई आफ्नै पक्षमा आउने हुनाले मन प्रशन्न हुनेछ ।

**बृष (इ, ऊ, ए, ओ, वा, वि, वु, वे, वो)** सामाजिक काम गरी समाजमा नाम तथा दाम दुवै कमाउन सकिनेछ । पढाइ लेखाइमा सुधार भएर जाने तथा आफन्तहरुलाई खुशी पार्न सकिनेछ । आफ्नो रितिरिवाज जोगाउने काममा समय खर्च हुनेछ भने तीर्थयात्राको प्रसस्त सम्भावना रहेकोछ । व्यापार व्यवसाय वा वित्तीय क्षेत्रमा लगानी बढाई प्रसस्त नाफा कमाउने समय रहेको छ । प्रेम प्रसंगमा रमाउन चाहनेहरुका लागि साता उत्तम रहेकोछ ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, हा)** लामो समयदेखि थाँती रहेका काम बन्ने खालको साता रहेको छ । विभिन्न अवसरको सदुपयोग गरी मनग्गे धन तथा सम्पति संग्रह गर्न सकिनेछ । आर्थिक मुद्दाहरु हल भएर जानेछन् । मित्रहरुको सहयोग रहनाले सकयमा कामहरु बन्नेछन् । पढाइ लेखाइमा पहिलेभन्दा सुधार भएर जानेछ । अलिक बढी मेहनेत गर्दा नतिजा आफैंतिर ल्याउन सकिनेछ । भौतिक सम्पत्ति तथा विलाशी बस्तुको प्रयोग गर्न पाइने हुँदा मन प्रफुल्ल हुनेछ । अध्ययनको शिलशिलामा यात्रा गर्न सकिने समय रहेकोछ ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो)** समाजसेवामा तथा राजनीतिमा पदको दुरुपयोग गर्दा मान सम्मानमा दाग लाग्न सक्ने खालको साता भएकोले ध्यान दिनुहोला । अध्ययनमा समय दिएपनि नतिजाको लागि केही समय कुर्नु नै पर्नेछ । घरायसी समस्या एक्कासी बढ्नाले अर्थ अभाव हुनेछ । आमा तथा आमासँग टाडिएर यात्राको तय गर्नुपर्दा मन खिन्न हुनेछ भने आफन्तको साथ पाइने छैन । शेयर बजार, कृषि तथा पशुपालन व्यवसायमा भने मनग्गे आम्दानी हुने साता रहेको छ ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे)** माया प्रेममा अविश्वास बढ्नेछ । दाम्पत्य जीवनमा खटपट आउनेछ । समय तथा परिस्थितिनुसार नचल्नाले दुःख पाइनेछ । स्वास्थ्यमा सामान्य समस्या आई उपचार खर्च बढेर जानेछ । पढाइ लेखाइमा समय दिन नसक्दा अरुभन्दा पछि परिने चिन्ताले सताउनेछ । सवारी साधनको प्रयोग गर्दा वा चलाउँदा ध्यान दिनुहोला । व्यापार, उद्योग तथा शेयर बजारमा गरिने लागनीबाट लाभ लिन सकिने साता रहेको छ ।

**कन्या (टो, पा, पि, पु, ष, ण, ठ, पे, पो)** समयको गतिसँगै बढ्न नसक्दा प्रतिस्पर्धामा अरुभन्दा पछि परिनेछ । तयारीबिना नै महत्वपूर्ण काम शुरु गर्दा बिग्रनेछ । प्रेम प्रसङ्गमा रमाउन चाहनेहरुका यो साता टाडै रहनु उपयुक्त हुनेछ । घर परिवारमा आफन्तसँग मनमुटाव सिर्जना हुनेछ । विदेश यात्राको गतिलो सम्भावना रहेकोछ । विदेशी सामानको व्यापार फस्टाएर जानेछ । काम वा अध्ययनको शिलशिलामा लामो दूरीको शैक्षिक यात्राको योग रहेकोछ ।

**तुला (रा, रि, रु, रे, रो, ता, ति, तु, ते)** आत्मविश्वास बढ्ने हुनाले गाह्रो कामहरु पनि सहजै सम्पादन गर्न सकिनेछ । व्यवसाय फस्टाएर जानेछ । शेयर बजारमा लगानी बढाउँदा भनेजस्तो आम्दानी हुनेछ । नीति नियम तथा कानून अनुसार हुने फैसला तपाईंकै पक्षमा हुनेछन् । पढाइ लेखाइ तथा प्रतिस्पर्धामा तपाईंकै नाम अग्र स्थानमा आउनेछ । माया प्रेममा रमाउन चाहनेहरुका लागि समय फलदायी रहनेछ ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु)** बोलीको प्रभाव बढ्ने हुँदा बोलेकै भरमा कामहरु सम्पादन हुनेछन् । खोज तथा अनुसन्धानको क्षेत्रमा खर्चिएको समयबाट सकारात्मक नतिजा आउने हुनाले मन प्रशन्न हुनेछ । पछिसम्म आम्दानी हुने व्यवसायमा लगानी बढाउन सकिनेछ । पारिवारका साथ रहेर मिष्टान्न भोजन गर्ने अवसर मिल्नेछ । आफन्तबाट भनेजस्तो सहयोग पाइने हुँदा काम गर्न सहज हुनेछ । घुमफिर वा मनोरञ्जनमा समय व्यतित हुनेछ ।

**धनु (ये, यो, भा, भि, भु, ध, फा, ढा, भे)** उद्योग, व्यापार र शेयर बजारमा लगानी गरी आम्दानीका स्रोतहरु बढाउन सकिनेछ । दाजुभाइ तथा आफन्तबाट भने जस्तो सहयोग हुनेछ । माया प्रेममा सामिप्यता बढेर जाने ग्रहयोग रहेकोछ । सवारी साधन तथा अन्य भौतिक सम्पत्तिहरु लाभ हुनेछ । पढाइ लेखाइमा सुधार हुने हुनाले अरु भन्दा अगाडि बढ्न सकिनेछ । इच्छा आकांक्षा तथा मनोकामना पूरा हुने समय रहेको छ भने रोकिएका कामहरु बन्ने तथा नयाँ काम गर्ने अवसर आउनेछ ।

**मकर (भो, जा, जि, जु, जे, जो, ख, खि, खु, खे, खो, गा, गी)** पढाइ लेखाइमा उच्च स्तरको सफलता हात लाग्नेछ भने प्राविधिक शिक्षामा समय खर्चिनेहरुले राम्रो प्रगति गर्न सक्नेछन् । कृषि तथा पशुपालन व्यवसाय फस्टाएर जानेछ भने अग्रजहरुको सम्पत्ति प्रयोग गर्न पाइनेछ । नविन विचारको प्रयोग मार्फत व्यवसायलाई बढाउन सकिनेछ । राजनीति तथा समाजसेवामा जनताको साथ तथा समर्थन रहनेछ । कार्यक्षेत्रमा तपाईंको कामको उच्च सम्मान गरिनेछ ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, दा)** छोटो दुरीको अफिसियल यात्राको योग रहेकोछ । प्रतिस्पर्धामा प्रतिस्पर्धीहरुलाई किनारा लगाउँदै नतिजा हात पार्न सकिनेछ । नयाँ काम पाउने वा नोकरीमा बढुवा तथा स्थानान्तरणको बलियो सम्भावना रहेकोछ । शेयर बजार, निर्माण सामग्री, खाद्यान्न, पहिरन तथा गरगहनाको व्यापारमा उल्लेख्य बृद्धि हुनेछ । आफन्त तथा कुटुम्बसँगको सम्बन्ध थप बलियो हुनेछ । प्रणय सम्बन्धमा रमाउन चाहनेहरुकालागि समयले साथ दिनेछ । ऋण, रोग र शत्रुबाट छुटकारा पाइनेछ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, चा, ची)** पढाइ लेखाइमा उपलब्धि हात पार्नको लागि कडा मेहनतको खाचो पर्नेछ । व्यापार व्यवसायमा समय दिन नसक्दा आम्दानीमा घटोत्तरी हुनेछ । आफन्त तथा दिदिबहिनीसँग सामान्य कुरामा पनि मनमुटाव बढ्ने योग रहेकोछ । स्थायी सम्पत्ति तथा सवारी साधनको प्रयोग गर्दा ध्यान दिनुहोला समय मध्ययम रहेकोछ । प्रेममा नचाहँदै नचाहँदै टाडिनु पर्दा मन खिन्न हुनेछ ।

लोकतन्त्रप्रति पूर्ण समर्पित
साप्ताहिक
नयाँ विमर्श
Naya Bimarsha Weekly

KEEN
SMART LIVING
दूर दृष्टि डिजिटल प्रा.लि.

# शुभ मुकारुङको गीतीसंग्रह विमोचन...



काठमाडौं/ वरिष्ठ गीतकार शुभ मुकारुङको दोस्रो गीतीसंग्रह पुस्तक 'यतै अल्मलिएँ' सार्वजनिक भएको छ। काठमाडौ पुतलीसडक ग्रीन लिफ फूड होटलमा गीतकार संघ नेपालको आयोजनामा उनको पुस्तक लोकार्पण भएको हो। योभन्दा अगाडि उनको पुस्तक 'पुग्नु कहाँ थियो'सार्वजनिक भैसकेको छ।

कार्यक्रममा विशेष अतिथिहरु वरिष्ठ गीतकार पूर्वमन्त्री एस.पी.कोइराला,वरिष्ठ गीतकार एवम् गीतकार संघका पुर्वअध्यक्ष चुडामणि देवकोटा, वरिष्ठ गीतकार अमर बान्तुको उपस्थिति थियो । यसैगरी वरिष्ठ संस्कृतिविद् भक्त राई,हेमराज राई,वरिष्ठ गीतकार श्रवण मुकारुङ,वरिष्ठ गायक दिलेन्द्र मुकारुङ,वरिष्ठ गीतकार शितल कादम्बिनी,चर्चित कवि गीतकार चन्द्र रानाहोङ्छा,चर्चित गीतकार विपिन किरण लगायत पनि कार्यक्रममा थिए ।

करिब साढे तीन दशकको साहित्यिक यात्राको क्रममा गीतकार संघका पूर्वअध्यक्ष समेत रहेका वरिष्ठ गीतकार मुकारुङले ल्याएको यो गीति संग्रह जीवनयापन,लोक सन्दर्भमा रहेको छाकार्यक्रममा पुस्तकबारे बोल्ने क्रममा विशेष अतिथि रहेका गीतकार संघ पूर्व अध्यक्ष तथा वरिष्ठ गीतकार चुडामणि देवकोटाले 'शुभ मुकारुङ चिनाइ रहनुपर्ने नाम होइन,नातिकाजिले समेत उहाँको शब्दमा संगीत गरेका छन् । उहाँको यो दोस्रो पुस्तक अवर्णनीय छागीतकार संघ आज यो उचाइमा आउनु पनि उहाँको ठूलो हात छालेखन यात्रामा बधाइ सहित अझ शुभकामना' भने।

यसैगरी,वरिष्ठ गीतकार अमर बान्तुले 'गीतकार शुभ मुकारुङ र ममा उमेरले म जेठो हुँ,तरसिर्जनाको हिसाबले मभन्दा जेठा हुनुहुन्छामैले उहाको सिर्जनाबारे मैले बोल्ने हैसियत छैन तरउहाँको एउटा भनाइ म कुनै श्रष्टादेखि प्रभावित भएर लेख्दिन आफै लेख्छु भन्ने कुरादेखि म प्रभावित भएँ ।आज यसरी नै उहाँको आफ्नै क्षमताको सिर्जना निश्चित छा' भन्दै बधाइ शुभकामना'व्यक्त गरे।

त्यसैगरी, अर्का वक्ता वरिष्ठ संस्कृतिविद् भक्त राईले 'कुनैपनि क्षेत्रमा काम गर्न जोखिम मोल्नै पर्छाउहाँले साहित्यिक यात्रामा जिन्दगीलाई जोखिममा मोल्नु भयो।आजको यो चर्चा र उपलब्धी त्यसैको परिणाम हो।कुनै बेला घरायसी प्रसंगमा मैले सोधेको थिएँ तपाई केमा व्यस्त हुनु भयो?उत्तरमा आयो म 'यतै अल्मलिए।'साँच्चै आज यो ऐतिहासिक अवर्णनीय सिर्जना देखेर म जिल्ल परेँ ।योभन्दा जिन्दगीको कमाइ अरु हुनै सक्दैन।बधाइ शुभकामना'भने।

त्यस्तै, विशेष अतिथि वरिष्ठ गीतकार तथा पूर्वमन्त्री एस.पी.कोइरालाले 'गीतहरुलाई समाजले मनोरंजनको साधन मात्र भनेर हेला गरेको पाइन्छ,यो गलत छा गीत समाजको शक्तिशाली आँखा,माध्यम हो।यसकुरालाई शुभ मुकारुङको सिर्जनाले सावित गर्दछाकरिब तीन दशकको साहित्यिक यात्रामा अझ यो गीतिसंग्रहले समाज स्पष्ट कोर्दछाभोजपुरको माटोको बिरुवा हो उहाँ' भन्दै बधाइ शुभकामना प्रस्तुत गरे।

प्राज्ञ तथा वरिष्ठ साहित्यकार राजन मुकारुङले 'यो पुस्तकले शुभलाई अल्मलाएको होइन,उभाएको छामैले समाजको चेत खोल्नुपर्छ भन्ने जिम्मेवारी प्रदान गरेको छाअझ बधाइ शुभकामना' व्यक्त गरेका थिए ।

आफ्नो सिर्जनाबारे बोल्दै स्रष्टा मुकारुङले 'यतै अल्मलिएँ भन्ने साहित्यिक सिर्जना क्षेत्रमै अल्मलिए भन्ने पनि हो।गीतको एउटा शीर्षक पनि हो।मैले मेरो सिर्जनाबारे आफैले यस्तो लेखे उस्तो लेखे भन्न मिल्दैन,त्यो यहाँहरुले अनि दर्शक स्रोताले भन्नेकुरा हो।मैले जीवनयापन र लोक सन्दर्भमा लेखेको छु,सधै हौसला,सुझाव दिनु भएकै छ, धन्यवाद,यसपटक पनि हौसला,सुझावको साथसाथै सुझाव,कमिकमजोरी पनि पाउँछु भन्ने आशा गर्दछु'भन्दै गीतकार संघ नवनिर्वाचित पदाधिकारीहरुको नाम लिदै बधाइ, शुभकामना,धन्यवाद प्रदान गरेका थिए ।

विद्यार्थीलाई अतिरिक्त क्रियाकलाप गराउनु परे
हामीलाई सम्झिनु होस्

स्कूल तथा कलेजमा अध्ययरत विद्यार्थीहरुलाई अतिरिक्त क्रियाकलापहरु जस्तै :
- हस्तलेखन
- कथालेखन
- नाटकलेखन तथा नाटकको प्रस्तुति
- गायन तथा संगीत
- चित्रकला
- कानूनी ज्ञानहरु
- पत्रकारिताको जानकारी
- उद्घोषण कला
- नाच्ने कला



आदिको ज्ञान दिलाउन चाहनु हुन्छ भने हामी त्यसको व्यवस्थापनको लागि तयार छौं ।
हामी तपाईहरुको विद्यालय तथा विद्यार्थीहरुका लागि सबै खाले तालिम, कार्यशाला संचालन गरी तपाइँहरुको आवश्यकता अनुसारका प्याकेजहरु तपाईहरुको अनुकुल समयमा हामी सेवा दिन तयार छौं ।
सम्पर्क नं.९८१८६७००८८
क्रियटिभ सेन्टर नेपाल प्रा.लि.
काठमाडौं-११

विगतका भूकम्पहरुबाट पाठ सिक्दै आउन सक्ने भूकम्पबाट घर संरचनाहरुलाई राष्ट्रिय भवन संहिता अनुरुप निर्माण गरी आवश्यक पूर्वतयारीका कार्यहरुमा जुटौं । बिपद् संवेदनशील संस्कृतिको विकास गरौं ।
"भूकम्पले सिकाएको पाठ, बलियो संरचना र सुदृढ पूर्वतयारीका साथ"
२७औं राष्ट्रिय भूकम्प सुरक्षा दिवस, २०८१
नेपाल सरकार
शहरी विकास मन्त्रालय
शहरी विकास तथा भवन निर्माण विभाग
बबरमहल, काठमाडौं ।
फोन नं. ०१-४२६२३६५, ०१-४२६२३५७, ०१-४२६२९४५, ०१-४२६२९८४
Email: dudbc@ntc.net.np, Website: http:\\dudbc.gov.np




भूकम्पबाट जोगिन सचेत बनौं
➢ भूकम्पको बेला जोगिने उपायहरुको पूर्वअभ्यास गरौं,
➢ भूकम्पबाट जोगिन पूर्वतयारी गरौं,
➢ आफ्नो घर संरचना ख्याल गर्दै भूकम्प प्रतिरोधी बनाऔं,
➢ परिवार र समुदायलाई भूकम्प सुरक्षाबारे जानकारी गराऔं,
➢ भूकम्प आउँदा सुरक्षित स्थानमा बसौं,
➢ आपतकालीन सामग्री (पिउने पानी, औषधी, बत्ती, खाजा) तयार गरेर राखौं ।
भूकम्पको सम्भावित जोखिमबाट बचौं र बचाऔं ।
नेपाल सरकार
विज्ञापन बोर्ड

Chief-Editor/Publisher : **Koushal Kumar Bhattarai,** Editor : **Krishna Lamsal** Executive Editor : **Piamani Bhattarai,** Legal Advisor : **Advocate Hari Sharan Jamakatel,**
Chief Reporter: R. Aryal, International News Coordinator: S. Bhattarai,, I.T. Chief: Spandan Bhattarai, Computer Designer: Roshan Gyewali, Press :- Saptarshi Publication, Mitrapark , Kathmandu
Main Office : **Madhyapur Thimi- 3, Bhaktapur, Kathmandu Office-Babar Mahal, Kathmandu,** Phone :- 977-1-5367064, Email : **nayabimarsha@gmail.com**